**प्लास्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**

- प्लास्टिक चार सय वर्षसम्म कुहिदैंन,
- यसले जमीन तथा जल प्रदूषण गर्छ,
- प्लास्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्छ,
- प्लास्टिक जलाउँदा वायुमण्डल प्रदूषित हुन्छ,
- खोलानाला वा समुद्रमा प्लास्टिक परे पानी प्रदूषित हुन्छ, त्यसैले प्लास्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ पुस २६ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2025 January 10 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १३३

## महानगरले नहर पुरेर बाटो बनाउँदै केहुनियाका किसानद्वारा विरोध

प्रस, वीरगंज, २५ पुस/


वीरगंज महानगरपालिकाले सिंचाइको लागि बनाएको नहरलाई पुरेर सडक बनाउन थालेपछि स्थानीयहरू विरोधमा उत्रेका छन् । महानगरले नहर पुरी कालोपत्र सडक बनाएमा हजारौं किसानका खेत सिंचाइबाट वञ्चित हुने स्थानीयको भनाइ छ ।




प्रजिअको ध्यानाकर्षण गराएर फर्कंदै नारायणी सिंचाइ व्यवस्थापन कार्यालयका प्रमुख मनोज पटेललगायत कृषकहरू । तस्वीरः प्रतीक

नारायणी सिंचाइ व्यवस्थापन कार्यालय, वीरगंजको नाममा नहरको जग्गा छ । वीमनपा-१९ (तत्कालीन अवस्थामा बर्वागोग टोल-६)स्थित टर्सरीको कित्ता नम्बर २८६ को जग्गा सिंचाइ कार्यालयको नाममा रहेको ट्रेस नक्शाले देखाएको छ। महानगरले सिंचाइ कार्यालयबाट आधिकारिक अनुमतिपत्रसमेत नलिई आफूखुशी नहर पुरेर सडक बनाउन लागेको भन्दै सिंचाइ कार्यालयले पनि आपत्ति जनाएको छ ।

सिंचाइ कार्यालयका प्रमुख मनोज पटेलका अनुसार स्थानीयहरूको खेत सिंचाइको लागि नेपाल सरकारले उक्त नहर बनाएको थियो । अहिले पनि नहर भएको क्षेत्र वरपरका खेतमा सोही नहरबाट सिंचाइ हुँदै आएको प्रमुख पटेलले बताए । उनले आफ्नो कार्यालयलाई जानकारी समेत नदिई महानगरले आफूखुशी सडक बनाउनु गलत कार्य




नक्शामा नहर रहेको तर माटोले पुरिएको

भएको बताए । सिंचाइको लागि बनाइएको नहरलाई महानगरले रातारात पुरेर बाटो बनाउन थालेको भन्दै स्थानीय बृजकिशोर यादवलगायत २० जनाको हस्ताक्षर भएको निवेदन आएपछि आफूलाई थाहा भएको प्रमुख पटेलले बताए ।

यस विषयमा आफूसहित विन्ध्यवासिनीका किसानसहितको टोलीले प्रमुख जिल्ला अधिकारीलाई भेटेर घटनाबारे जानकारी गराएको बताए ।

गण्डक नहर ब्लक नं ५ अन्तर्गत मूल नहरबाट बहुअरी, भौराटार, विश्रामपुर हुँदै केहुनियासम्म पुग्ने करीब एक किलोमिटर नहरलाई महानगरले पुरी सडक बनाउन थालेको हो । महानगरले करीब एक करोड रुपैयाँको लागतमा सडक बनाउने बताइन्छ ।


पानीको अभावमा खेतीपाती गरिरहेका पर्साका किसानहरू स्थानीय सरकारले नहर पुरेर बाटो बनाउन थालेपछि थप मर्कामा परेका छन् ।

यस विषयमा प्रजिअ गणेश अर्यालले किसानहरूको माग जायज भएको बताए। उनले महानगरले हाल गरिरहेको काम रोक्न प्रहरीलाई आदेश दिइसकेको बताए।

## चीसोमा कष्टकर जीवन बिताउँदै पर्साका दलित

प्रस, वीरगंज, २५ पुस/

पर्सा जिल्लाका दलितहरूलाई अहिले







चीसो मौसममा गाँस, बास र कपासको समस्याले पिरोलिरहेको छ ।

दैनिक ज्याला मजदूरी गरेर जीविकोपार्जन गर्दै आएको यो समुदायले जाडोमा काम नपाएको र काम गर्ने वातावरण पनि नभएकोले दैनिक गुजारामा समस्या भएको हो ।

पर्सा जिल्लाको कुल जनसङ्ख्याको ३० प्रतिशत दलित रहेको पिस फर दलित्स फाउन्डेशन नेपालका अध्यक्ष मनोज रामले बताए । उनले पर्सा जिल्लाका वीरगंज महानगर, पर्सागढी नगरपालिका, सखुवाप्रसौनी, विन्ध्यवासिनी, जीराभवानी गाउँपालिकामा दलितहरूको सङ्ख्या बढी रहेको र त्यसबाहेक १४ वटै पालिकामा दलित बस्ती भएको बताए । उनले चीसोमा दलितहरूले गाँस, बास र कपासको समस्या झेलिरहेको बताए ।

सरकारले जनता आवास कार्यक्रम अन्तर्गत गरीब विपन्नहरूलाई पक्की भवन निर्माण योजना अघि सारे पनि केही दलितहरूको पहुँचमा कार्यक्रम परेको तर उनीहरूको घर अहिलेसम्म पूर्णरूपमा निर्माण सम्पन्न हुन नसकेको अध्यक्ष रामले बताए। जनता आवास कार्यक्रममा पर्न नसकेका ९५ प्रतिशत दलितहरूको घर फुसको छ। दलितहरू जाडोमा चीसो लाग्ने र वर्षायाममा घरभित्र पानी पस्ने समस्या झेल्दै आएका छन् ।

अहिले कठ्याङ्ग्रिदो जाडोमा कतिपय दलितहरूको फुसको घरमा ढोका पनि नभएको कारण चीसो हावा झेल्दै सुत्नुपरेको उनले बताए । धेरैंजसो दलितसँग न्यानो कपडा पनि नभएको र उनीहरूलाई विपद्बाट जोगाउन पालिकाहरूले प्रभावकारी काम नगरेको अध्यक्ष रामले बताए ।

जिल्ला विपद् व्यवस्थापन समितिबाट पनि दलितलक्षित कार्यक्रमहरू नभएको उनले गुनासो पोखे। स्थानीय पालिकाहरू र विपद् व्यवस्थापन समितिले दलितहरूको अवस्था आकलन गरेर उनीहरूलाई गाँस, बास, कपासको व्यवस्था गराइ जीवनयापनमा सहयोगी भूमिका निर्वाह गर्न उनले सुझाव दिएका छन् ।

पिस फर दलित्स फाउन्डेशनले विदेशमा बसेका दाताहरूको सहयोगमा पर्सा जिल्लाका पाँच स्थानमा दलित बालबालिकाहरूलाई निश्शुल्क टच्युशनको व्यवस्था गर्दै आएको छ ।

शिक्षामा पहुँच बढोस् भन्ने उद्देश्यले निश्शुल्क टच्युशन प्रभावकारी भएपनि वर्षा र चीसोमा परिवारका अभिभावकसँगै उनीहरूले पनि समस्या झेल्नुपर्दा टच्युशनमा उपस्थिति कम हुने गरेको अध्यक्ष रामले बताए ।

## साना विद्यार्थीहरूलाई कक्षाकोठाको व्यवस्थापन

धर्मेन्द्र चौरसिया, पोखरिया, २५ पुस/

जीराभवानी गाउँपालिका-१ स्थित नेरामावि, कटकुइया वसन्तपुरमा



झ्यालढोका, डेस्क-बेन्च नभएको कोठामा अध्ययन गर्दै साना बालबालिकाहरू । तस्वीरः फाइल

अध्ययनरत बालविकासदेखि कक्षा ४ सम्मका विद्यार्थीहरूलाई कक्षाकोठाको व्यवस्थापन गरिएको छ।

चीसोमा पनि उनीहरू भुइँमा बसेर अध्ययन गर्दै आएका थिए । ४९ वर्ष पुरानो यो विद्यालय आगामी वर्ष ५० वर्ष पूरा गरी स्वर्णजयन्ती मनाउने तयारीमा रहेको यो विद्यालयमा शुरूका दिनमा बालविकासदेखि कक्षा ४ सम्मका विद्यार्थीका लागि भवन अभावले रूखमुनि राखेर अध्यापन गराइन्थ्यो ।

दुई वर्ष अघि गाउँपालिकाले बालविकासदेखि कक्षा ४ सम्मका विद्यार्थीका लागि चार कोठे भवन निर्माण गरे पनि सो भवनमा झ्यालढोका जडान गरिएको थिएन र बेन्च-डेस्क पनि नहुँदा साना विद्यार्थीहरू भुइँमैं बसेर पढ्न बाध्य थिए ।

प्रतीक दैनिकमा यससम्बन्धी समाचार प्रकाशन भएपछि प्रधानाध्यापक कृपासिन्धुप्रसाद पटवारीले बालविकासदेखि कक्षा ४ सम्मका विद्यार्थीहरूलाई झ्यालढोका भएको कक्षाकोठामा स्थानान्तरण गरेका छन् ।

विद्यालयले बालविकासदेखि कक्षा ४ सम्मको लागि बेन्च, डेस्क बनाए पनि सोहीमा अहिले ठूला कक्षाका विद्यार्थीहरूलाई अध्यापन गराउँदै आएको छ । उनले चीसोमा बालविकासदेखि कक्षा ४ सम्मका विद्यार्थीहरूलाई मर्का नहोस् भनेर ठूलो कक्षामा स्थानान्तरण गरिएको र झ्यालढोका नभएको कक्षामा सोको लागि गापाको ध्यानाकर्षण गराएको बताए ।

## चीसोमा सामुदायिक विद्यालय बन्द, संस्थागत खुला

प्रस, पोखरिया, २५ पुस/

पर्सा जिल्लाका १४ वटै पालिकाले अहिले चीसो बढेको कारण विद्यालयको पठनपाठन बन्द गराएका छन् । केही विद्यालयहरू पुस २६ गते भोलिदेखि सञ्चालनमा आउँदैछन् भने ढिलोगरी विद्यालय बन्द गरेको ठोरी गाउँपालिकाका विद्यालयहरू माघ ४ गतेदेखि सञ्चालनमा आउने भएका छन्।

वीरगंज महानगरले पनि पुस २७ गतेसम्म बिदा दिएकोले २८ गतेदेखि सञ्चालनमा आउने भएको छ । चीसो बढेको खण्डमा बिदा लम्बिने अथवा तोकिएकै समयमा विद्यालय सञ्चालन हुने प्याब्सन पर्साका अध्यक्ष सरोज चौधरीले बताए ।

उनले प्याब्सनले जिल्लास्तरमा संस्थागत विद्यालयहरू बन्द गर्न सूचना जारी नगरेको तर महानगरको सूचना अनुसार नगर कमिटीले महानगर



तस्वीरः प्रतीक

अन्तर्गतका विद्यालयहरू बन्द गर्न अनुरोध गरेको बताए ।

उनले कतिपय विद्यालयहरूमा परीक्षा सञ्चालन भइरहेकाले संस्थागत विद्यालयहरू बन्द नभएको बताए ।

पालिकाहरूले शैक्षिक संस्थाहरू बन्द गर्न दिएको निर्देशनको सामुदायिक विद्यालयहरूले मात्र पालना गरेका छन्। १४ वटै पालिकाका सामुदायिक विद्यालयहरू अहिले बन्द छन् भने संस्थागत विद्यालयहरू कुनै पालिकामा बन्द छन्, कतै सञ्चालनमा छन् । पोखरिया नगरपालिका र जीराभवानी गाउँपालिका अन्तर्गतका संस्थागत विद्यालयहरू सञ्चालनमा छन् ।

## सेनाद्वारा विपन्न वर्गलाई कम्बल सहयोग

प्रस, पोखरिया, २५ पुस/

श्री जङ्ग गण श्रीपुरले बिहीवार पोखरियामा कम्बल वितरण गरेको छ। शीतलहरबाट प्रभावित विपन्न स्थानीयलाई कम्बल वितरण गरिएको हो ।

विपद् व्यवस्थापन समिति पर्साको निर्णय अनुसार आज पोखरिया नगरपालिकाको वडा नं ४ र ७ मा २०० थान कम्बल वितरण गरिएको हो। वडा नं ७ को गोविन्दपुरमा १३५ र वडा नं ४ को पोखरियामा ६५ थान कम्बल वितरण गरिएको थियो।



कार्यक्रममा श्री जङ्ग गणका सेनानी देवबहादुर बोहरा, वडाध्यक्ष लक्ष्मण साह कानू, परमानन्द कुर्मीलगायतको सहभागिता थियो ।

## विचारसार र सूक्तिहरू

**दुई व्यक्तिबीच योग्यता, उमेर, पद, अनुभव, बौद्धिकता, धन बराबर नभए पनि; दुवैले एकअर्कालाई बुझ्ने प्रतिबद्धता छ भने सम्बन्ध बलियो हुन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

## कार्टरप्रति श्रद्धाञ्जलि

**अमेरिकी पूर्वराष्ट्रपति जिम्मी कार्टरको १०० वर्षको दीर्घजीवनको अन्त्यसँगै विश्वले मानवता, मानव अधिकार र शान्तिका लागि समर्पित एउटा अद्वितीय व्यक्तित्व गुमाएको छ । सन् १९७७ देखि १९८१ सम्म राष्ट्रपति रहेका कार्टरले आफ्नो कार्यकालमा अमेरिका र विश्वका लागि उल्लेखनीय काम गरेका थिए । उनको प्रमुख विशेषता मानव अधिकारको प्रवर्द्धन थियो । उनले अमेरिकी विदेश नीति मानव अधिकारमा आधारित हुनुपर्ने कुरामा जोड दिए । शान्तिप्रिय कार्टरले इजरायल र इजिप्टबीचको दशकौं पुरानो विवाद समाप्त गर्न क्याम्प डेभिड शान्ति सम्झौताको मध्यस्थता गरे । यो आज पनि मध्यपूर्व शान्ति प्रक्रियाको आधार मानिन्छ । गहिरो ऊर्जा सङ्कटबाट गुज्रिरहेको अमेरिकालाई ऊर्जा सम्पन्नतातर्फ अग्रसर गराए । ठूलो चुनौती सामना गर्दै उनले पनामा नहर पनामा देशलाई हस्तान्तरण गरे, पर्यावरणीय मुद्दाहरूलाई प्राथमिकता दिए । आणविक हतियार नियन्त्रणका लागि तत्कालीन सोभियत सङ्घसँग सम्झौताका साथै महत्त्वपूर्ण प्रयासहरू गरे । राष्ट्रपति पदबाट बाहिरिएपछि पनि उनी लक्ष्यमा लागिरहे । मानव अधिकारको संरक्षण, गरीबी निवारण र शान्ति स्थापना जस्ता विषयमा उनी समर्पित थिए । उनको यस योगदानको सम्मानस्वरूप उनलाई सन् २००२ मा नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो ।**

**नेपालका लागि कार्टर व्यक्तिगतरूपमा जोडिएका एउटा अभिभावकीय व्यक्तित्व थिए । उनी दुईपटक नेपाल आएका थिए । पहिलोपटक सन् १९८५ मा उनले नेपाल भ्रमण गरेका थिए । त्यस बेला नेपालको प्राकृतिक सौन्दर्य र नागरिक सत्कारले उनलाई गहिरोरूपमा प्रभावित बनायो । त्यसपछि सन् २००७ मा उनी नेपाल आए । मुलुक गणतन्त्र स्थापनाको क्रममा थियो । उक्त भ्रमणमा उनी कार्टर सेन्टरमार्फत शान्ति प्रक्रियामा नेपाललाई सहयोग गर्न आएका थिए । कार्टरले आफ्नो लेख, भाषण र अन्तर्वार्तामा बारम्बार नेपाल उल्लेख गरेका छन् । उनले नेपालको प्राकृतिक सौन्दर्य, यहाँको सांस्कृतिक विविधता र जनभावनालाई उच्च सम्मानका साथ विश्वका ठूला मञ्चहरूमा चर्चा गरेका छन् । विशेषतः नेपालको शान्ति प्रक्रिया र राजनीतिक परिवर्तनमा उनले देखाएको चासो नेपालप्रतिको उनको गहिरो लगावको प्रमाण हो । सन् २००७ को भ्रमणका क्रममा उनले नेपालमा राजनीतिक स्थायित्व र शान्ति प्रक्रिया स्थापनाका लागि महत्त्वपूर्ण सन्देश दिएका थिए । उनले भनेका थिए, "नेपालको परिवर्तनले यहाँको जनताको जीवनमा सकारात्मक प्रभाव पारोस् भन्ने मेरो आशा छ ।" कार्टर सेन्टरले नेपालमा निर्वाचन अनुगमन र द्वन्द्व समाधानमा खेलेको भूमिका आज पनि प्रशंसनीय छ ।**

**जिम्मी कार्टरको निधन नेपालका लागि अपूरणीय क्षति हो । उनले नेपालप्रति देखाएको सद्भाव र सहयोग सधैं स्मरणीय रहनेछ । नेपालजस्तो सानो देशलाई ठूलो मानवीय मञ्चमा महत्त्व दिन सक्ने उनको जस्तो क्षमता र रुचि अन्यमा दुर्लभ पाइएला । उनले देखाएको नेतृत्व, मानव अधिकार र शान्तिप्रतिको प्रतिबद्धता तथा गरीबी र अन्यायविरुद्धको अभियान आज विश्वका लागि प्रेरणाको स्रोत हो । कार्टरको जीवनले नेतृत्वको अर्थ सत्तामा सीमित नभएर सेवामा आधारित हुनुपर्छ भन्ने देखाउँछ । नेपालले पनि उनको योगदानबाट पाठ सिक्दै राजनीतिक र सामाजिक प्रणालीलाई सुधार्न प्रेरणा लिन सक्नुपर्छ । नेपालप्रति सद्भाव राख्ने कार्टरजस्ता असल मित्र गुमाउनुको पीडा गहिरो छ ।**

# नेपालमा हिन्दी भाषाको सान्दर्भिकता

स्वतन्त्र विचार

श्रीमन्नारायण
an_shriman@yahoo.com

**राजकीय संरक्षण र सहयोगको अभावमा कुनै पनि भाषा एवं संस्कृतिको विकास हुन सक्दैन । नेपालमा जब–जब नेपाली भाषाको समकक्ष हिन्दी भाषालाई दोस्रो सम्पर्क भाषाको रूपमा मान्यता दिलाउने प्रयास गरिन्छ अनि क्षेत्रीय भाषाका अभियन्ताहरूलाई उचाल्ने काम गरिन्छ ।**

भाषा, संस्कृति, कला, साहित्य एवं विज्ञान कुनै एउटा भूगोलभित्र सीमित रहन सक्दैन । जुन देशमा जति धेरै भाषा बोलिन्छ, त्यो देश सांस्कृतिकरूपमा त्यत्ति नै धनी र समृद्ध मानिन्छ। नेपालमा हिन्दी र संस्कृत भाषाहरूलाई विदेशी भाषा मान्न सकिंदैन किनभने यसको उपयोग हाम्रो धर्म, संस्कृति, संस्कार र सभ्यतामा पनि अभिन्नरूपमा हुँदै आएको छ । नेपालमा हिन्दी भाषाको औचित्य र सार्न्दभिकता आज पनि छ। नेपालमा नेपालीपछि सर्वाधिक बोलिने, बुझिने र व्यवहारमा आउने भाषा हिन्दी नै हो । हिन्दीलाई विदेशी भाषा भनेर यसको स्वीकार्यता, आवश्यकता, महत्त्व एवं सान्दर्भिकता औचित्यहीन मान्न सकिंदैन।

नेपालमा राणा शासनकालमा खासगरी २००७ सम्म एउटा क्याम्पस र स्कूल मात्रै थियो र त्यसको परीक्षाको सञ्चालन पटना विश्वविद्यालयमार्फत हुने गरेको थियो । स्वाभाविकरूपमा त्यति बेला हिन्दी भाषा नेपालीहरूको निम्ति अनिवार्य हुन गएको थियो । राणा शासकहरू पनि तराईवासीसँग हिन्दी भाषामैं कुराकानी गर्न रुचाउँथे । त्यस पछिका दिनहरूमा देशका अनेकौं प्रधानमन्त्रीहरूले तराई–मधेसको क्षेत्रमा हिन्दी भाषा प्रयोग गरेका छन् । हिन्दी भाषा नेपालीहरूको निम्ति पराई भाषा होइन, यो हाम्रो निम्ति नेपालीपछि दोस्रो सम्पर्क भाषा हो । प्रत्येक नेपाली दिनहुँ कुनै न कुनै रूपमा हिन्दी भाषाको प्रयोग गरिरहेका छन् । चाहे भजन–कीर्तन, गीत–सङ्गित, समाचार, साहित्य, धर्मशास्त्र, गजल अथवा सिनेमा एवं टिभी सिरियलहरू नै किन नहुन् ।

विसं. २००८ सालदेखि देशमा शिक्षा संस्कृतिको क्षेत्रमा जागरण आउन थाल्यो। रेडियो आदि सञ्चार माध्यममा हिन्दी भाषाको प्रयोग हुन थाल्यो। हिन्दी भाषामा अनेकौं समाचारपत्र प्रकाशित हुन थाले साथै यसविरुद्ध षड्यन्त्र पनि हुन थाल्यो । यस षड्यन्त्रका जन्मदाता एकजना अमेरिकी शैक्षिक सल्लाहकार (डा. एचवी वूड)ले नेपाल सरकारलाई बुझाएको आफ्नो प्रतिवेदनमा प्रस्टरूपमा लेखेका थिए– संस्कृत मातृभाषा हो जबकि हिन्दी विदेशी। त्यतिबेला यसको चारैतिर उग्र विरोध भएको थियो । तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले यस विवाद समाप्त पारे ।

एकपटक फेरि वि.सं. २०१० सालतिर हिन्दी भाषालाई विद्यालय र क्याम्पसको शिक्षाबाट हटाउने षड्यन्त्र भयो। सम्पूर्ण तराईमा यसको कडा विरोध भयो र यसको प्रतिक्रिया महेन्द्रनारायण निधिको अध्यक्षतामा 'हिन्दी रक्षा समिति' गठन भएको थियो । त्यस समितिले तराईवासीको अधिकारको रक्षाको सम्बन्धमा सरकारलाई एउटा ज्ञापन बुझाएको थियो, जसमा विधिवत् एउटा प्रस्ताव पारित गरी हिन्दीलाई सम्पूर्ण तराईको प्रतिनिधि भाषा तथा तराई र पहाडबीचको सम्पर्क भाषाको रूपमा स्थान दिइएको थियो ।

देशमा नयाँ शिक्षा योजना लागू भएपछि प्राथमिकस्तरबाट नै हिन्दी भाषालाई हटाई नेपाली भाषालाई अनिवार्य बनाउने काम भयो। जब तल्लो कक्षाबाट हिन्दी भाषालाई हटाइयो अनि स्वाभाविकरूप निम्न माध्यमिक, माध्यमिक तथा क्याम्पसमा हिन्दी भाषा पढ्नेहरूको सङ्ख्या कम हुने नै भयो । बिस्तारै–बिस्तारै नेपालका क्याम्पसहरूमा पनि हिन्दी भाषाको पढाइ कम हुँदै गयो। हुनत त्रिभुवन विश्वविद्यालयमा अहिले पनि हिन्दी भाषा पढाइन्छ तर त्यसमा पढ्ने विद्यार्थीहरूको उत्साह कमजोर हुन्छ। हिन्दी भाषा नेपालमा प्राथमिक कक्षादेखि क्याम्पससम्म प्रचलनमा थियो। यसको पठनपाठनमा रोक नलगाइएको भए यो नेपालमा नेपालीपछिको दोस्रो राष्ट्रभाषाको स्थान पनि ग्रहण गरिसकेको हुने थियो। नेपालमा प्रायः सबैजसो ठूला साहित्यकार, कवि एवं पूर्व प्रधानमन्त्रीहरू स्व. विपी कोइराला र लोकेन्द्रबहादुर चन्दले पनि हिन्दी भाषामा उत्कृष्ट रचना गरेका छन् । हिन्दी भाषालाई विदेशी भाषाको रूपमा प्रचारप्रसार गर्ने तथा हिन्दीविरोधी जनमत बनाउने तथा भारतलाई विस्तारवादी भएको आरोप लगाउने हाम्रो देशका कथित राष्ट्रवादीहरू भारतीय भूमिमा पाइला टेक्नेबित्तिकै आफ्नो राष्ट्रियता बिर्सन्छन् र अन्तर्राष्ट्रिय भाषा अङ्ग्रेजीमा बोल्नुको सट्टा हिन्दी भाषामैं बोल्न थाल्छन् ।

हिन्दी भाषा कमोवेश उर्दू भाषासँग पनि मिल्दोजुल्दो हुन्छ। भारतमा पचास लाखभन्दा बढी नेपाली कुनै न कुनै रूपमा जागीर गरेर आफ्नो जीविकोपार्जन गरिरहेका छन् । त्यसैगरी अरब राष्ट्रहरूमा पनि लाखौंको सङ्ख्यामा गएका छन् । अरब राष्ट्रहरूमा पनि नेपालीहरू हिन्दी भाषा नै प्रयोग गरिरहेका हुन्छन् तसर्थ हिन्दी भाषाको मान्यताले नेपालीहरूलाई भारतसहित अरब राष्ट्र मात्रै होइन विश्वका अधिकांश देशहरूमा बस्न र जागीर गर्न अपेक्षाकृत सहजता हुनेछ ।

हिन्दी भाषालाई लिएर हाम्रो देशमा आडम्बर देखाउने काम बढी नै भएको छ । नेपालमा हिन्दी बोल्दा हीनताबोध हुने तर भारतमा हिन्दी बोलेर बहुभाषी विद्वान् ठान्ने आडम्बरका कारण जनता सामु समस्या उत्पन्न हुने गरेको छ ।

राजकीय संरक्षण र सहयोगको अभावमा कुनै पनि भाषा एवं संस्कृतिको विकास हुन सक्दैन । नेपालमा जब–जब नेपाली भाषाको समकक्ष हिन्दी भाषालाई दोस्रो सम्पर्क भाषाको रूपमा मान्यता दिलाउने प्रयास गरिन्छ अनि क्षेत्रीय भाषाका अभियन्ताहरूलाई उचाल्ने काम गरिन्छ। यसको परिणामस्वरूप क्षेत्रीय भाषाका केही सीमित अगुवाहरू सरकारी बजेट हात पार्न सफल हुन्छन् तर यसबाट क्षेत्रीय भाषाको विकास भएको पाइँदैन। आजसम्म नेपालीबाहेक अर्को कुनै पनि भाषा एवं साहित्यको उत्थान हुन नसक्नु यसको ठूलो उदाहरण हो। हिन्दी भाषाका प्रेमी, लेखक, विद्वान् र साहित्यकारहरूले पनि यसको निम्ती आफ्नो क्षेत्रबाट सक्दो भूमिका निवार्ह गर्नुपर्छ ।

नेपालको संविधानको धारामा (६) राष्ट्रभाषाको शीर्षकमा नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन् भन्ने लेखिएको छ जबकि धारा (७) मा सरकारी कामकाजको भाषा सम्बन्धमा (१) देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ भन्ने उल्लेख छ । जबकि सोही धाराको उपधारा (२) मा नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्र भाषाहरूलाई प्रदेश कानूनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सकिने छ भन्ने उल्लेख छ जबकि उपधारा (३) मा भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिशमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ भन्ने उल्लेख छ। यसरी उपधारा (३) को प्रावधानले भोलिका दिनमा विभिन्न किसिमको समस्या सिर्जना गर्ने र अन्ततः एक भाषाकै नीति प्रदेशमा पनि लागू हुने निश्चित छ ।

नेपालको संविधानको धारा (३) राष्ट्रको परिभाषामा नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त मानिएको छ। यस्तो अवस्थामा यहाँका सबै जातजाति एवं भाषाभाषीले आफ्नो भाषा एवं संस्कृतिको संरक्षण एकनासले गर्न पाउनुपर्ने हो तर त्यस्तो हुन सकिरहेको छैन ।

विश्वका अन्य कतिपय देशका भाषाहरूले भौगोलिक सीमा नाघी अन्य देशमा मान्यता प्राप्त गरेको अनेकौं उदाहरण छन्। अङ्ग्रेजी त विश्व–भाषा नै बन्न पुगेको छ । हाम्रो राष्ट्रभाषा नेपालीलाई पनि भारतको संविधानमा मान्यता प्राप्त छ। अर्को देशको भाषालाई आत्मसात् गर्दा कुनै देशको सार्वभौमिकता र अखण्डतामाथि खतरा आएको उदाहरण आजसम्म देखिएको छैन । अरबी भाषा, साउदी अरबको भाषा हो तर अल्जेरिया, इराक, कुबेत, लेबनान, सिरिया, मोरक्को, ओमान, कतार, सुडान, ट्युनेशिया, यमन र युएईजस्ता दर्जनौं राष्ट्रहरूले यसलाई आफ्नो राष्ट्रभाषा बनाएका छन्। स्पेनिस, स्पेनको भाषा हो तर भेनेजुएला, पेरू, पाराग्वे, पनामा, निकारागुवा, मेक्सिको, क्युबा, चिली, ग्वाटेमाला र ब्रजीलको भाषा पनि स्पेनिस नै हो । फ्रेन्च, फ्रान्सको भाषा हो तर बेल्जियम,कङ्गो तथा आइभरकोस्टको भाषा पनि फ्रेन्च नै हो। जर्मन, स्वीट्जरल्यान्डको प्रमुख भाषा हो। ग्रीक साइप्रसको भाषा हो, जबकि ग्रीस देशको स्थापना नै भाषाकै नाममा भएको हो। पोर्चुगलको भाषा पोर्चुगिज हो तर यो अल्जेरिया, ब्रजील र मोजाम्बिकको भाषा बन्न गएको छ । बङ्गाली भाषा बङ्गलादेशको राष्ट्रभाषा हो जबकि यसको राष्ट्रिय गीतकै रचनाकार भारतीय कवि हुन्। बङ्गाली भाषाका प्रायः सबै विद्वान् एवं कविहरू भारतीय नै हुन्। वि.सं.२०१७ सालसम्म नेपालमा हिन्दीको उच्च स्थान थियो र यसको सान्दर्भिकता अहिले पनि हराएको छैन ।

# तोकिएको मापदण्डमा उत्खनन गर्न ठेकेदारलाई प्रष्ट भनेका छौं– जिसस प्रमुख साह

प्रस, निजगढ, २५ पुस/

कोल्हवी नगरपालिकाको बकैया खोलामा ठेकेदारद्वारा गरिएको नदीजन्य पदार्थ उत्खनन कार्यको स्थलगत अनुगमन बुधवार गरिएको थियो ।

जिल्ला समन्वय समिति, बाराका प्रमुख नरेन्द्रकुमार साह नेतृत्वको टोलीले खोलाको अनुगमन गर्दै मापदण्डविपरीत खोलाको उत्खनन नगर्न र नदीजन्य पदार्थ ओसारपोसार, बिक्री वितरण नगर्न ठेकेदार कम्पनीका प्रतिनिधिलाई आग्रह गरेको छ । "वातावरणीय परीक्षण प्रतिवेदनमा तोकिएको मापदण्डभित्र रही ठेकेदार कम्पनीलाई कार्य गर्न हामीले प्रस्ट भनेका छौं," जिसस प्रमुख साहले भने ।

कोल्हवीस्थित बकैया खोलाका विभिन्न भागमा मापदण्डभन्दा गहिरो जथाभावी खाडल बनाउँदै नदीजन्य पदार्थ उत्खनन गरिएको देखिएको जिसस, बाराका समन्वय अधिकारी आमोद चौधरीले बताए । ठेकेदार कम्पनीका प्रतिनिधिलाई सोध्दा निजगढका मजदूरहरूले जथाभावी खोला खन्दै ट्याक्टरमा नदीजन्य पदार्थ लिएर जाने गरेको बताएको उनले भने। ठेकेदारले मापदण्डमा तोकिएकोभन्दा केही


कोल्हवी नपास्थित बकैया खोलाको नदीजन्य पदार्थ उत्खननको स्थलगत अनुगमन गर्दै जिल्ला समन्वय समिति बाराका प्रमुख नरेन्द्रकुमार साह तेली नेतृत्वको टोली । तस्वीरः प्रतीक

फराकिलो हुनेगरी खोलाबाट नदीजन्य पदार्थ उत्खनन गर्ने गरेको पाइएको सोही अनुगमनमा रहेका अर्का सदस्यले बताए।

दैनिक तीन सय घनमिटर अर्थात् बढीमा १० चक्के टिपरको २८ टिपभन्दा बढी एउटा खोलाबाट नदीजन्य पदार्थ उत्खनन, ओसारपोसर गर्न नपाइने प्रतिवेदनमा उल्लेख छ। तर यहाँ दैनिक दुई सय टिपभन्दा बढी खोलाबाट नदीजन्य पदार्थ उत्खनन गर्दै ओसारपोसार, बिक्री वितरण भइरहेको छ । मापदण्डभित्र रही उत्खनन गरिएका नदीजन्य पदार्थ घाटगड्डीमा सङ्कलन गर्नुपर्ने स्पष्ट मापदण्डमा भनिए पनि खोलाबाट नै बिक्री वितरण गर्ने गरेकोले ठेकेदार कम्पनीले दैनिक राख्ने रेकर्डसमेत विश्वसनीय नदेखिएको अनुगमन टोलीका अर्को एक सदस्यले बताए ।

बकैया खोला ठेक्का सकार गर्ने कोल्हवी नपा र निजगढ नपाका ठेकेदारबीच नदीजन्य पदार्थ ओसारपोसार गर्न वन क्षेत्र भएर जाने बाटोको विषयमा समेत दुवै ठेकेदार पक्षबीच मनमुटाव हुँदै आइरहेको छ ।

नगरपालिकाले ठेक्का लगाएको परिमाण ठेकेदार कम्पनीले खोलाबाट उत्खनन गरी लगेपछि खोलामा उत्खनन कार्य बन्द गर्ने स्पष्ट कानूनी प्रावधान छ भने, उक्त परिमाण लैजान बाँकी रहे जेठ मसान्तपछि खोलामा उत्खनन गर्न पाइनेछैन ।

खोला अनुगमन टोलीमा कोल्हवी नपाका प्रमुख रामप्रसाद चौधरी, प्रमुख प्रशासकीय अधिकृत पितानाथ लुइँटेल, जिल्ला समन्वय समिति बाराका समन्वय अधिकारी आमोद चौधरी, इन्जिनीयर गणेश चौधरी, कोल्हवी सबडिभिजन वन कार्यालयका प्रमुख कृष्णाप्रसाद पटेललगायत सहभागी थिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## सङ्कटमा दक्षिण एशिया साझा बजार

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**आर्थिक विकासको लागि चाहिने पूर्व शर्त हो–विकासप्रति सकारात्मक चेतना, सकारात्मक मनोविज्ञान । दक्षिण एशियाका देशहरूमा यी दुवै तत्त्वको अभाव छ । धार्मिक कट्टरता, सामाजिक सद्भावको अभाव, सङ्घर्षपूर्ण मनोस्थितिजस्ता समस्याले दक्षिण एशियालाई एउटा राम्रो साझा बजारको रूपमा स्थापित हुन दिइरहेको छैन ।**

बङ्गलादेश, भूटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान, श्रीलङ्का र अफगानिस्तान दक्षिण एशियाका देशहरू हुन् । दक्षिण एशियाको जनसङ्ख्या दुई अर्बभन्दा बढी छ । दक्षिण एशियामा मात्र विश्वको कुल जनसङ्ख्याको लगभग २६ प्रतिशतको बसोवास छ । विश्वको दोस्रो ठूलो अर्थ व्यवस्था चीन दक्षिण एशियासँग टाँसिएको छ भने विश्वको पाँचौं ठूलो अर्थ व्यवस्था भारत दक्षिण एशियामैं पर्दछ । विश्वका अनेक देशहरूबाट दक्षिण एशियाली देशहरूले राम्रो रेमिट्यान्स प्राप्त गर्दछन् । जलवायु अनुकूल भएकोले दक्षिण एशियाको कृषि पनि राम्रो छ । नदीनालाहरूले भरिएका दक्षिण एशियाको भूमि कृषि उत्पादनका लागि अति अनुकूल मानिन्छ । दक्षिण एशियाका पाकिस्तान, भारत, श्रीलङ्का, माल्दिभ्सजस्ता देशहरूले जलमार्गको राम्रो उपयोग गरेर यातायात लागत कम पार्न सफल भएका छन् । यति मात्र होइन, जलमार्गले विश्वका अनेक राष्ट्रसम्मको पहुँचलाई सरल एवं सस्तो पारिदिएको छ । ज्ञानको क्षेत्रमा पनि दक्षिण एशियाका देशहरू तुलनात्मकरूपमा पछाडि छैनन् । विज्ञान र प्रविधिको क्षेत्रमा पनि पछाडि छैनन् । यस्ता अनेक अवसर र सबलता दक्षिण एशियामा मौजुद रहे तापनि यो क्षेत्रको, साझा बजारको, समुचित विकास किन हुन सकेन ? यस आलेखमा यस प्रश्नको उत्तर खोज्नेछौं ।

दक्षिण एशिया एउटा बलियो साझा बजारको रूपमा स्थापति र क्रियाशील हुनुपर्ने थियो तर हुन सकेन । जसरी युरोपियन युनियनले एक बलियो साझा बजारको रूपमा काम गरिरहेको छ, यसका सदस्य राष्ट्रहरूले एकअर्कासँग व्यापार गरेर जसरी राम्रो आर्थिक लाभ प्राप्त गरिरहेका छन् त्यसैगरी दक्षिण एशिया एउटा साझा बजारको रूपमा स्थापित हुन सकेको छैन । यसका छिमेकी राष्ट्रहरूले एक अर्कासँग व्यापार गरेर फाइदा उठाउन सकिरहेका छैनन् । हुनत यस क्षेत्रलाई साझा बजारको रूपमा प्रयोग गर्न बङ्गलादेश, भूटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलङ्कालाई सामेल गरेर सन् १९८५ मा दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (SAARC– South Asian Association for Regional Cooperation) को स्थापना भएको थियो । तर अहिले यो सङ्गठन निष्क्रिय छ । यस क्षेत्रको आर्थिक विकासमा यो सङ्गठनले कुनै पनि महत्त्वपूर्ण कार्य गर्न सकेको छैन ।

अस्ट्रिया, बेल्जियम, बल्गेरिया, क्रोएशिया, साइप्रस, चेक गणतन्त्र, डेनमार्क, इस्टोनिया, फिनलैन्ड, फ्रान्स, जर्मनी, ग्रीस, हंगेरी, आयरलैन्ड, इटाली, लाटभिया, लिथुआनिया, लक्जेम्बर्ग, माल्टा, निदरलैन्ड्स, पोलैन्ड, पोर्चुगल, रोमानिया, स्लोभाकिया, स्लोभेनिया, स्पेन र स्वीडेन गरी २७ राष्ट्र समाविष्ट रहेको युरोपियन युनियन विश्वमैं प्रभावकारी साझा बजारको रूपमा कार्य गरिरहेको छ । यस साझा बजार (युनियन) का सदस्य राष्ट्रहरूले यस क्षेत्रीय बजारबाट राम्रो लाभ प्राप्त गरिरहेका छन् । आफ्नो देशभित्र उपलब्ध अनेक स्रोत एवं साधनको, यो क्षेत्रीय बजारको कारणले गर्दा, भरपूर उपयोग भइरहेको छ । युरोपियन युनियनका राष्ट्रहरूलाई आर्थिकरूपमा सक्षम बन्न यो साझा बजार (युरोपियन युनियन) ले निकै आर्थिक सहयोग गरेको छ ।

खासमा युरोपियन युनियनको स्थापना नै आर्थिक फाइदाको लागि गरिएको हो । कुनै एक राष्ट्रले एक्लै कार्य गर्नुभन्दा मिलेर कार्य गर्दा आर्थिकरूपमा थप लाभ प्राप्त हुने र कार्य कुशलतामा पनि अभिवृद्धि हुने उद्देश्यले युरोपियन युनियनको स्थापना भएको हो ।

तर अवसर र सबलता दक्षिण एशियामा मौजुद रहे तापनि यो क्षेत्रको, साझा बजारको, समुचित विकास किन हुन सकेन ?

दक्षिण एशिया एउटा राम्रो साझा बजारको रूपमा स्थापित र क्रियाशील नहुनुमा तीन देशको स्थिति कारक रहेको छ । पहिलो भारतको स्थिति हो । भारतको सम्बन्ध पाकिस्तानसँग कहिले पनि राम्रो रहेन । यति मात्र होइन, भारतको छिमेकी राष्ट्रहरूसँग पनि सुमधुर सम्बन्ध हुन सकेन । सांस्कृतिक तहमा नेपालसँग भारतको निकै समानता रहेको भए तापनि नेपालसँग पनि भारतको सम्बन्ध राम्रो हुन सकेको छैन । उल्टो विगतमा भारतले नेपालमा आर्थिक नाकाबन्दी लगाएको इतिहास छ । पाकिस्तानसँग भारतको सम्बन्ध नराम्रो मात्र होइन, विगतमा अनेकपटक यी दुई देशबीच युद्ध नै भएको छ । बङ्गलादेश, श्रीलङ्का, माल्दिभ्स, अफगानिस्तानसँग पनि भारतको राम्रो सम्बन्ध छैन । भारतको आफ्ना छिमेकी राष्ट्रहरूसँग भएको कटुतापूर्ण सम्बन्धले दक्षिण एशियालाई एउटा बलियो क्षेत्रीय बजार हुन दिइरहेको छैन ।

दोस्रो हो पाकिस्तानको स्थिति । पाकिस्तानले भारतलाई सर्वकालीन शत्रु मान्दछ । जनस्तरमा पाकिस्तानी जनताले भारतसँग राम्रो सम्बन्ध कायम गर्न खोजे पनि पाकिस्तानी सेनाले पाकिस्तानको सम्बन्ध भारतसँग राम्रो हुन दिँदैन । भारत लोकतान्त्रिक देश हो । भारतसँग राम्रो सम्बन्ध भएमा पाकिस्तानमा पनि प्रजातन्त्र बलियो हुन सक्ने र पजातन्त्र बलियो भएमा आफ्नो (सेना) भविष्य अनिश्चित हुने अनुमान मात्र होइन, विश्वास गरेरै पाकिस्तानी सेनाले भारतसँग सर्वकालीन शत्रुतापूर्वक व्यवहार गर्ने रणनीति लिएको छ । पाकिस्तानी सेनाको यो व्यवहारले पनि दक्षिण एशियालाई बलियो बजार बन्न दिइरहेको छैन । बर्माको सैनिक सरकार बर्माको आर्थिक विकासको लागि बाधक भएझैं पाकिस्तानी सेना (सेना नियन्त्रित व्यवस्था) पाकिस्तानको आर्थिक विकासको लागि बाधक हुन पुगेको छ ।

अफगानिस्तानलाई तेस्रो स्थितिको रूपमा लिन सकिन्छ । अफगानिस्तानका अन्तिम राजा मोहम्मद जहीर शाहको सन् १९७३ मा पतन भएपछि अशान्त भएको अफगानिस्तान अहिलेसम्म स्थिर हुन सकेको छैन । विगतमा, अफगानिस्तानमा शान्ति ल्याउन भनेर सोभियत रूसले हस्तक्षेप गर्‍यो । रूसले त्यहाँ अप्रत्यक्षरूपमा लामो समयसम्म शासन गर्‍यो । तर उसको शासन प्रभावकारी हुन सकेन । यसैगरी अमेरिकाले पनि हस्तक्षेप गर्‍यो । तर अफगानिस्तानमा शान्ति र स्थिरता कायम गर्न अमेरिका पनि असफल भएपछि सन् २०२१ मा सदाको लागि त्यहाँबाट फर्क्यो ।

अहिले अफगानिस्थानको शासन व्यवस्था कट्टरपन्थी तालिबानीहरूको नियन्त्रणमा छ । आर्थिक विकासका लागि लचकता देखाउन नसक्ने एवं खुला बजार तथा उदार अर्थतन्त्रप्रति सहमति नराख्ने कट्टर तालिबानी प्रशासनले दक्षिण एशियाको आर्थिक विकासमा योगदान पुर्‍याउने वा दक्षिण एशियालाई साझा बाजरको रूपमा विकास गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउने छ भनी विश्वास गर्ने कतै ठाउँ देखिंदैन ।

पाकिस्तानका तालिबानी (विद्रोही) हरूलाई अफगानी तालिबान सरकारले शरण र सहयोग दियो भनेर अहिले पाकिस्तान अफगानिस्तानदेखि रुष्ट छ । पाकिस्तान र अफगानिस्तानको सम्बन्ध ज्यादै खराब हुन पुगेको छ । अफगानिस्तानका केही क्षेत्रमा पाकिस्तानले सैनिक कार्यवाही गरेको छ भने पाकिस्तानका केही क्षेत्रमा अफगानिस्तानले सैनिक कार्यवाही गरेको छ । पाकिस्तान र अफगानिस्तानको सम्बन्ध खराब हुनु दक्षिण एशियाको लागि, यस क्षेत्रको आर्थिक विकासको लागि राम्रो होइन ।

दक्षिण एशियालाई एउटा राम्रो साझा बजारको रूपमा विकास गरेर यस क्षेत्रमा व्याप्त गरीबी कम पार्न सकिन्थ्यो । तर यस क्षेत्रका सदस्य राष्ट्रहरूको मनोविज्ञान–सङ्घर्ष र युद्धले यस क्षेत्रलाई एउटा साझा बजारको रूपमा विकास हुन दिइरहेको छैन । यस क्षेत्रमा रहेको धार्मिक कट्टरताले पनि यस क्षेत्रलाई साझा बजारको रूपमा विकसित हुन दिइरहेको छैन । यसैगरी भारतको शक्ति विस्तार गर्ने इच्छाले पनि यो क्षेत्रलाई एउटा राम्रो साझा बजारको रूपमा विकास हुन दिइरहेको छैन ।

विभिन्न राष्ट्रहरू मिलेर, एक राष्ट्रले अर्को राष्ट्रसँग सौहार्दपूर्वक सहकार्य गरेर अगाडि बढ्ने हो भने युरोपियन युनियनझैं दक्षिण एशिया एउटा साझा बजारको रूपमा स्थापित र क्रियाशील हुन सक्छ । आर्थिक विकासको लागि चाहिने पूर्व शर्त हो–विकासप्रति सकारात्मक चेतना, सकारात्मक मनोविज्ञान । दक्षिण एशियाका देशहरूमा यी दुवै तत्त्वको अभाव छ । धार्मिक कट्टरता, सामाजिक सद्भावको अभाव, सङ्घर्षपूर्ण मनोस्थिति आदिजस्ता समस्याले दक्षिण एशियालाई एउटा राम्रो साझा बजारको रूपमा स्थापित हुन दिइरहेको छैन । उल्टो साझा बजारको अस्तित्वमैं सङ्कट देखिएको छ ।



**बालीमा मल छर्दै किसानः** सर्लाहीको गोडैता नगरपालिका–१० सिसौटियाका एक किसान गहुँखेतीमा रासायनिक मल छर्दै । अहिले यहाँ रासायनिक मल पाउन मुश्किल भएपछि भारतबाट गुणस्तरहीन मल ल्याएर बालीमा छर्न किसान बाध्य भएका छन् । तस्बिरः विश्वनाथ ठाकुर/रासस

## सुक्खा हिउँद र सन्निकट सङ्कट

प्रगति ढकाल/रासस
काठमाडौं, २५ पुस/

सामान्यतः हिउँदमा पानी पर्नु नियमित चक्र नै हो तर पछिल्ला केही वर्षयता त्यो चक्र खलबलिएको छ । खासगरी यसरी पर्ने आकाशे पानी तोरी, गहुँ, मकै, तरकारी बालीका लागि लाभदायक मानिन्छ । जानकारहरू यसपटक पनि हिउँदमा लामो समयसम्म आकाशे पानी नपर्दा तराई तथा पहाडमा लगाइएका हिउँदे बालीका लागि प्रतिकूल अवस्था रहेको बताउँछन् । हिमाली क्षेत्रमा भने यस अवधिमा दुईपटकसम्म हिमपात हुँदा केही राहत भएको छ । यसले हिमाली क्षेत्रमा उत्पादन हुने आलुखेतीका लागि फाइदा पुगेको बालीविद्ले बताएका छन् ।

जल तथा मौसम विज्ञान विभागले यसपटक पनि औसतभन्दा कम पानी पर्ने आकलन गरेको छ । विभागका महानिर्देशक कमलराम जोशीले यस वर्षको हिउँदमा औसतभन्दा कम पानी पर्ने आकलन गरिएको बताए । "विभागले यही मङ्सिर १५ देखि आगामी १६ फागुनसम्मको हावापानी आकलन गर्दै देशभर औसतभन्दा कम पानी पर्ने प्रक्षेपण गरेको छ"–उनले भने–"अहिले नै हिउँदमा पानी परेन, हिउँदे खडेरी भयो भन्न चाहिं मिल्दैन तर आजसम्मको अवस्था हेर्दा निकै कम पानी परेको छ ।"

प्रशान्त महासागरमा लानिना विकसित हुने क्रममा रहँदा र प्रि–मनसुनको सुरुआती अवधिसम्म लानिना रहँदा यस वर्षको हिउँदमा कम पानी पर्ने बताउँछिन्, विभागकी प्रवक्ता विभूति पोखरेल । हिउँदको जनवरी–फेब्रुअरीमा अझ सुक्खा बढ्न सक्ने विभागले आकलन गरेको उनले बताइन् ।

विभागका अनुसार हिउँदयाममा कोशी प्रदेशको दक्षिणी भूभाग र मधेस प्रदेशको पूर्वी भूभागमा अझ बढी सुक्खाको सम्भावना रहेको छ । यसैगरी, विभागले एक महीना अघि सार्वजनिक गरेको हावापानी आकलन अनुसार सुदूरपश्चिम र कर्णालीको दक्षिणी, लुम्बिनीका अधिकांश क्षेत्रमा सरदरभन्दा कम पानी पर्नेछ । गण्डकीको पूर्वी तथा दक्षिणी, बाग्मती, मधेसको पश्चिमी र कोशीको पश्चिमी भूभागमा पनि सरदरभन्दा कम पानी पर्ने विभागको आकलन छ ।

आगामी १६ फागुनसम्मको अवधिमा अर्थात् हिउँदयाममा खडेरी पर्ने सम्भावना देखिएको छ । विभागका अनुसार हिउँदमा ६०.१ मिलिमिटर वर्षालाई औसत मानिन्छ । गत वर्ष पनि सरदरभन्दा कम वर्षा भएको विभागको तथ्याङ्कमा उल्लेख छ । गत वर्ष हिउँदमा सरदरको १९.८ मिलिमिटर र २०७९ को हिउँदमा १२.९ मिलिमिटर मात्र पानी परेको विभागको तथ्याङ्कमा उल्लेख छ ।

**सुक्खाले उत्पादनमा ह्रास**

बालीविद् डा डिल्लीराम शर्माले हिउँद शुरू भएयता आकाशेपानी पर्न नसकेकोले पहाड र तराई क्षेत्रमा लगाइएको गहुँ, तोरी तथा अन्य हिउँदे बालीलाई असर गरेको बताए । "यसपटक विशेषगरी पहाड र तराईमा हिउँदे बालीका लागि मौसम प्रतिकूल रह्यो तर हिमाली क्षेत्रमा भने हिउँ परेकाले मौसम अनुकूल नै छ"–उनले भने–"तसर्थ विशेषगरी यो वर्ष तोरी र गहुँजस्ता हिउँदे बाली उत्पादनमा कमी आउन सक्छ तर हिमालमा आलु उत्पादन भने बढ्न सक्छ ।"

जल तथा मौसम विज्ञान विभागले कम पानी पर्ने आकलनपछि कृषि मन्त्रालयले उत्पादनमा ह्रास आउँछ भने त्यस अनुसार पूर्वतयारी भने हुन नसकेको जलवायु तथा विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीको भनाइ छ । "जल तथा मौसम विज्ञान विभागले कम पानी पर्ने प्रक्षेपण गरेको छ । कृषि मन्त्रालयले पनि हिउँदे बालीको उत्पादन घट्न सक्ने भनेको छ तर त्यस अनुसार पूर्वतयारी भने गरेको देखिंदैन । पूर्वानुमान अनुसारको तयारी नगर्दा व्यवस्थापन गर्न नसकिने गरी सङ्कट आउन सक्छ । तसर्थ पूर्वतयारीमा जुट्न आवश्यक छ"–उनी भन्छन् ।

डा उप्रेती हिउँदमा पानी नपरे नेपालको कृषि प्रणाली, जलवायु चक्र र अर्थ प्रणालीमा प्रत्यक्ष तथा गहिरो असर पर्ने भन्दै असर न्यूनीकरणका लागि आवश्यक नीति तय गर्न आग्रह गर्छन् । "हिउँदमा लगातार सुक्खा र खडेरी परिरहँदा यसको असर समग्र खाद्य चक्र र मूल्यवृद्धिमा पर्छ । त्यसले खाद्य सङ्कट निम्तन सक्छ र अर्थतन्त्रमा समस्या सिर्जना हुन सक्छ"–उनले भने–"कृषिमा आश्रित किसान हिउँदे जलवायुमा आएको परिवर्तनले सबैभन्दा बढी मारमा पर्नेछन् । यसले भोकमरी, गरीबी र अनियन्त्रित बसाइँसराइलाई थप बढाउन योगदान गर्छ । त्यसैले समयमैं योजनाबद्ध ढङ्गले अगाडि बढौं ।"

**जलवायु अनुकूलन आवश्यक**

वन तथा वातावरण मन्त्रालय अन्तर्गत जलवायु व्यवस्थापन महाशाखाका उपसचिव नरेश शर्माले जलवायु परिवर्तनको असरका कारण हिउँदे वर्षा कम भएको भन्दै कृषि क्षेत्रमा यसको प्रभावबाट अनुकूलनका क्रियाकलाप प्रभावकारीरूपमा सञ्चालन गर्नुपर्ने बताए । यसका लागि मन्त्रालय र सम्बद्ध सरोकारवालाले जलवायुमैत्री कृषि प्रणाली प्रवर्द्धनका लागि जोड दिनुपर्ने उनको भनाइ छ । "हामीले हिउँदे वर्षालाई पनि अब जलवायु परिवर्तनसँग जोडेर हेर्ने र सोही अनुसार अनुकूलनका क्रियाकलाप अगाडि बढाउन आवश्यक छ । जलवायु अनुकूलनको विषयमा कृषकमा चेतना बढाउने र जलवायुमैत्री कृषिलाई प्राथमिकता दिनुपर्ने अवस्था सिर्जना भइसकेको छ"–उनले भने ।

जलवायु परिवर्तनका नकारात्मक प्रभावबाट बच्न वा जलवायुका असरसँग जुध्ने वा अनुकूलित हुने प्रक्रिया, उपाय र रणनीतिलाई जलवायु अनुकूलन भन्ने गरिन्छ । जलवायु परिवर्तनका कारण उत्पन्न हुने अत्यधिक गर्मी, सुक्खा, बाढी, चीसो, अनावृष्टि, अतिवृष्टि र अल्पवृष्टिलगायत चुनौतीलाई ध्यानमा राखेर अनुकूलनका कार्यक्रम लागू गरिन्छ । केही वर्षयता जलवायु परिवर्तनले मौसमी पात्रोमा फेरबदल आएसँगै सोही अनुसार अनुकूलनका गतिविधिमा बढावा दिनुपर्ने आवश्यकता देख्छन्, विपद् व्यवस्थापनविद् उप्रेती । "जलवायु परिवर्तनका असरका कारण हिउँदे वर्षा हराउँदै गएको छ । पहिला जुन ठाउँमा जुन रूपमा हिउँ पर्थ्यो अहिले त्यहाँ पनि समस्या देखिन थालेको छ । हिउँ पर्ने रेखा माथि सरेको छ । यी असरबाट बचन अनुकूलन नीतिको प्रभावकारी कार्यान्वयन आवश्यक छ"–उनले भने ।

**जलवायुमैत्री कृषि प्रणाली आवश्यक**

मौसममा हुने अनियमितताले नेपालमा कहिले धान उत्पादन त कहिले हिउँदे बाली उत्पादनमा ह्रास आउँदै गएको छ । अनियमित मौसमी परिवर्तनका कारण नेपालको कृषि क्षेत्रले ठूलो असर भोगिरहेको विज्ञहरूको भनाइ छ । जलवायुविद् राजुपण्डित क्षत्री जलवायु परिवर्तनका कारण वर्षामा अनियमितता हुने हुँदा यस्ता घटनाहरू अझै बढ्दै जाने बताउँछन् । "जलवायुजन्य सङ्कट बढ्दो छ, तसर्थ सुक्खा बढ्ने, हिउँदे खडेरीजस्ता जलवायुजन्य विपद् बढ्दै जान सक्छन्"–उनले भने–"जलवायुमैत्री कृषि प्रणाली अँगाल्न नसक्ने हो भने धेरै मानिस कृषि

(बाँकी पाँचौं पातामा)

# मधेस प्रदेश : समृद्धिका आयाम

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**तीव्र आर्थिक वृद्धि र सामाजिक न्याय, स्वाधीन अर्थतन्त्र नै आर्थिक नीतिको आधारशिला हो । सुस्पष्ट राजनीतिक दृष्टिकोण, प्रस्ट लक्ष्य, दृढ इच्छाशक्ति र इमानदारीपूर्ण कार्यान्वयन भयो भने मात्र यो प्रदेशलाई एक दशकभित्रै आर्थिकरूपले सबल र समृद्ध बनाउन सकिन्छ ।**

आर्थिक विकास र समृद्धिका दृष्टिकोणले मधेस प्रदेश ओरालोलाग्दो अवस्थामा देखिएको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रपछि मुलुकमा अहिले तीन तहका सरकार छन्। प्रत्येक वर्ष ती सरकारले वार्षिक योजना तर्जुमा गर्छन् । विकास भनेको पूर्वाधार निर्माण मात्र होइन, मान्छेको जीवनस्तर उकास्ने विषय पनि हो । प्रदेशको समृद्धि एवं सन्तुलित र दिगो विकास कार्यलाई तीव्रता दिन प्रदेश नीति तथा योजना आयोग र प्रदेश सरकारले योजना निर्माण गरी आआफ्ना प्रदेशको विकासमा योगदान दिँदै आएका छन्। तर पनि मधेस प्रदेशको विकासको गति निकै सुस्त छ। वास्तवमा यो प्रदेशमा आर्थिक समृद्धिका प्रमुख आधारहरू प्रकृतिले सित्तैमा दिएको छ। तिनको मात्र सही, व्यवस्थित र उपयुक्त परिचालन एवं सदुपयोग गर्न सक्यौं भने मात्र पनि प्रदेशमा आर्थिक समृद्धि सम्भव छ । तर यसका लागि राजनीतिक स्थिरता, सुशासनको प्रतिबद्धता, सुरक्षा र लगानीमैत्री वातावरणको सिर्जना, कृषि, सिंचाइ र स्रोत संरक्षण प्रविधिको दिगो व्यवस्थापन तथा स्थानीय तहमा रोजगारका अवसरहरूको विस्तार गर्न सक्नुपर्दछ ।

स्वाभिमान, सम्मान, पहिचान र सामाजिक न्यायसहितको समतामूलक समाज स्थापना गर्न मुलुकमा प्रजातन्त्रको प्राप्ति, पुनर्स्थापना र सङ्घीय लोकतान्त्रिक गणतन्त्रका लागि अथक सङ्घर्ष गरेका यस प्रदेशका आम नागरिकका लागि त्यसपछिका समय सुखद बन्न सकेन। सामन्तवादी अर्थतन्त्र भत्किएको तर पूँजीवादको विकास नहुँदै यहाँको अर्थतन्त्रमा नवउदारवादी दलाल पूँजीवाद हावी हुन पुगेको देखिन्छ। यसले गैरकानूनी वा भूमिगत धन, यौन व्यापार, हुन्डी, तस्करी, मिटरब्याजी, कालोबजारी, घुसखोरी, सेटिङमा हुने सेयर बजार र भ्रष्टाचार तथा नीतिगत भ्रष्टाचार आदिलाई बढावा दिएको पाइन्छ । यो नै अनौपचारिक अर्थतन्त्र हो । यसले यस प्रदेशको अर्थतन्त्रमा अस्थिरता र अराजकता जन्माएको छ। विश्व आज चौथो औद्योगिक क्रान्तिको युगमा प्रवेश गरिसकेको छ तर यो प्रदेश अहिले पनि पूँजीवादी युगकै अवस्थामा छ । यो समस्याको समाधानका लागि प्रदेशको आफ्नै मौलिकतासहित आम नागरिकको सहभागितामा मिश्रित र समाजवादी अर्थतन्त्रको विकास गर्न सक्नुपर्छ । यसका लागि प्रदेशका सबै राजनीतिक दलको सहमतिमा केही दशकसम्म उत्पादन र उत्पादनकै आधारमा औद्योगिक क्रान्तिको सङ्कल्प गर्न सक्नुपर्छ । प्रदेशमा देखिएको अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा बदल्न विशेष नीति, योजना र कार्ययोजना बनाएर त्यसको पूर्ण इमानदारिता र प्रतिबद्धताका साथ कार्यान्वयन गर्न सक्नुपर्दछ ।

पछिल्लो समय यो प्रदेशमा पुराना संस्कृति भत्किएर नयाँ संस्कृति निर्माण नहुँदै उपभोक्तावादी संस्कृति हावी भएको देखिन्छ । पूँजीवादले बीउ, मलखाद्य, कीटनाशक औषधिमाथि नियन्त्रण गरी कृषिमा उत्पादनभन्दा लागत बढी लाग्ने स्थिति पैदा गरेको छ। यसले कृषिमा उदासीनता बढाएको छ । उद्योगधन्दा लगभग शून्य छ, फलस्वरूप समाजमा बेरोजगारी, असन्तोष र निराशा बढ्दै गएको छ। यी असन्तोष र निराशाका कारण बेरोजगारी युवा उत्पादनमा होइन, सेवा क्षेत्रमा, मजदूरका रूपमा होइन, आधुनिक दासका रूपमा अन्तर्राष्ट्रिय बजारको सस्तो श्रमिक बन्न बाध्य छ। यो नै अहिलेको पूँजीवादले उत्पन्न गरेको सांस्कृतिक समस्या हो । यसरी विपन्नताको कहालिलाग्दो आँसु पिएर भोलिको सम्पन्न र समृद्ध प्रदेशको प्रतीक्षामा बाँचिरहेका प्रदेशवासीलाई आफ्नो आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्नेगरी सक्षम बनाउने, प्रतिकूल परिस्थितिलाई आफ्नो अनुकूल बनाउन सक्ने स्वावलम्बी नागरिक बनाउने, जीविकोपार्जनको तरीकामात्र होइन, सम्मानित र प्रतिष्ठित जीवन जिउने अवस्था प्रदान गर्ने तथा सबै खाले आपत् विपत् खप्न सक्ने मात्र होइन, त्यससँग जुझ्न सक्ने जुझारु नागरिक बनाउने जस्ता महत्त्वपूर्ण कार्यलाई प्रदेशको आर्थिक कार्यसूचिमा समावेश गर्नुपर्ने दायित्व अहिले प्रदेश सरकारको काँधमा आएको छ।

विकास र समृद्धिका लागि अहिले आम प्रदेशवासीमा ठूलो उत्साह र जागरण देखिएको छ। यो ठूलो अवसर हो । यतिखेर प्रदेशवासी आफैं आफ्नो विकासमा लाग्न आतुर छन्। सरकारले उत्प्रेरकको भूमिका निर्वाह गरिदिए पुग्छ। आफ्नो क्षमता अनुसार वृत्ति चयन गर्ने आतुरता युवाशक्तिमा देखिएको छ । जनसाङ्ख्यिक लाभ पनि हामीसँग छ। आर्थिकरूपमा सक्रिय जनसङ्ख्याको हिस्सा ५७ प्रतिशत छ। यसलाई पनि ठूलो अवसरका रूपमा लिन सकिन्छ। यो प्रदेशमा अहिले पनि विकास र समृद्धिका लागि प्रचुर सम्भावना भएका क्षेत्रहरू छन्। त्यसलाई पनि विकास र समृद्धिका लागि ठूलो अवसरका रूपमा लिन सकिन्छ । अहिले पनि खेतीयोग्य भूमि, व्यावसायिक प्रयोगमा ल्याउन सकिने वन, बहुपक्षीय उपयोग गर्न सकिने पानी, विदेशी पर्यटकलाई आकर्षित गर्न सकिने ऐतिहासिक तथा सांस्कृतिक सम्पदा र अन्वेषण नै नभएका भौगर्भिक साधन हाम्रा विकास र समृद्धिका आधार हुन्।

छिमेकी मुलुक भारतमा कृषिको उद्योगीकरण एकाधिकार उद्योगका रूपमा परिवर्तन भइसकेको छ। भारतको कृषिको विकास उत्पादनको हिसाबले मात्र होइन, प्रविधिको हिसाबले पनि धेरै अघि पुगेको छ । तर, मधेसको कृषि टुक्रे, परम्परागत, निर्वाहमुखीबाट रैथाने बीउमा समेत परनिर्भर बन्दै गइरहेको छ। भारतीय किसानसँग प्रतिस्पर्धा गर्न नसकेर कृषि पेशा नै छाड्नुपर्ने स्थिति बन्दैछ । फलस्वरूप यहाँका खेतबारी दिनानुदिन बाँझो हुँदै गएका छन्। यसको समाधान प्रदेश सरकारको दृढ इच्छाशक्तिले गर्न सकिन्छ। त्यो समाधान वैज्ञानिक भूमिसुधार र उत्पादनमा गुणात्मक वृद्धि हो । बिर्ता, गुठीजस्ता परम्परावादी जग्गाको द्वैध स्वामित्व अन्त्य गर्ने, सबैलाई घडेरी, खेती गर्नेलाई जग्गा, उत्पादनका आधारमा सरकारी अनुदानको ग्यारेन्टी, सरकारी, निजी, सामूहिक, कम्पनी र सहकारीका माध्यमबाट कृषिलाई उद्योगका रूपमा विकास गर्न सक्नुपर्छ । उर्वर वन क्षेमा जडीबुटी र अर्गानिक खेतीलाई उद्योगका रूपमा विकास गरेर मूलतः भारतीय पर्यटकलाई आकर्षित गरी कृषि र पर्यटन उद्योगको गुणात्मक विकास गर्न सक्नुपर्छ। कृषिको उद्यागीकरण गरेर प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउन सक्नुपर्छ ।

यस प्रदेशमा धार्मिक पर्यटनको ठूलो सम्भावना छन्। तिनलाई व्यवस्थित गर्न सक्ने हो भने प्रदेशको विकासमा गुणात्मक फड्को मार्न सकिन्छ । बढीभन्दा बढी बाह्य र आन्तरिक पर्यटक भित्र्याउन प्रदेश सरकारले सुरक्षा र सबै प्रकारका सुविधाको व्यवस्था गर्न सक्नुपर्छ । पर्यटकलाई कृषि, प्राकृतिक सौन्दर्य र संस्कृतिलगायतसँग जोड्दै दोभाषे, भरिया, होटल, व्यक्तिगत र सामूहिक होमस्टेका आधारमा आम जनताको जीवनस्तर उकास्ने योजना सरकारले ल्याउनुपर्छ । यहाँको शिक्षा श्रम र उत्पादनसँग नजोडिएकोले बेरोजगारी यस प्रदेशको मूल समस्या बनेको छ । राजनीति, श्रम र उत्पादनसँग जोडिएको शिक्षा नै वास्तविक शिक्षा हो। प्रदेशले ७० प्रतिशत प्राविधिक उत्पादन गर्ने शिक्षा नीति बनाउनुपर्छ । प्रदेशवासीको परम्परागत सीप र दक्षतालाई थप तालीमको व्यवस्था गरी सम्बन्धित विषयको प्रमाणपत्र दिने व्यवस्था गर्नुपर्छ। शिक्षामा भइरहेको व्यापारीकरण अन्त्य गरी पूर्ण निश्शुल्क बनाउनुपर्छ। त्यस्तै आधारभूत तहमा अक्षर मात्र चिनाउने होइन, राष्ट्रियता, परिवार, समाज, भाषा, संस्कृति, नैतिकता र सकारात्मक सोच विकास गर्ने, एक-अर्कालाई सहयोग गर्ने, सरसफाइ गर्ने, खाना बनाउने आदि व्यावहारिक ज्ञानले पोख्त जनशक्ति निर्माण गर्नु जरुरी छ। आधारभूत शिक्षा प्राप्त जनशक्तिलाई प्राविधिक जनशक्तिमा बदल्न प्रत्येक विद्यार्थीको रुचिको मा आधारभूत प्राविधिक शिक्षा दिने व्यवस्था मिलाउनुपर्छ । व्यावहारिकरूपमा विषयगत प्राविधिक विज्ञतामा जोड दिई ७० प्रतिशत प्राविधिक जनशक्ति र ३० प्रतिशत सेवा क्षेत्रका जनशक्ति उत्पादन गर्ने नीति प्रदेश सरकारको हुनुपर्दछ । यसका साथै प्रदेशको सबै वडासम्म पक्की सडक सञ्जाल पुऱ्याउने र बहुउद्देश्यीय मापदण्डसहितको सामुदायिक भवन निर्माण गर्ने, प्रत्येक पालिकामा आवश्यकता अनुसार अनिवार्य सरकारी कृषि बजार, कृषि सङ्कलन केन्द्र, चिस्यान केन्द्र, हाटबजारसहितको व्यवस्था गर्ने, मृतप्रायः नदीलाई सफा र जीवन्त बनाउन ढललाई नदीको दायाँ-बायाँ व्यवस्थित बनाउँदै शुद्धीकरण गरेर मात्र नदीमा मिसाउने व्यवस्था गर्ने, प्रदेश विश्वविद्यालयलाई प्राविधिक विश्वविद्यालयमा बदल्ने, प्रदेश प्रहरी संरचना र समायोजनका लागि पहल गर्ने, प्रदेश विद्युत् प्राधिकरण, प्रदेश बैंक, प्रदेशस्तरीय आइटी हब, प्रदेशस्तरको किसान स्वरोजगार र युवा रोजगार परियोजना सञ्चालन गर्ने, करको दायरा विस्तार गर्न प्रदेश सरकारले प्रत्येक व्यक्तिलाई पान नम्बर अनिवार्य गर्ने नीति बनाउने, जग्गा किनबेच र उत्तराधिकारीको कर निर्धारण गर्दा सरकारी रेटमा होइन, जग्गाको चलनचल्तीको रेटमा अनिवार्य कर असुल गर्नुपर्ने, ढुङ्गा, गिट्टी, बालुवा, सिमेन्ट उद्योग, काठ उद्योग र पानी उद्योग स्थापना गरी प्रदेशलाई आत्मनिर्भर बनाउँदै निकासीसमेत गर्न सक्नुपर्छ ।

मधेस प्रदेशको आर्थिक विकास र समृद्धिको अवधारणा पनि उपेक्षित, शोषित र बहिष्करणमा परेका समुदायको समानुपातिक समावेशीकरण, जोखिम व्यवस्थापन, सुशासनको प्रत्याभूति, दिगो शान्ति तथा समावेशी र समानुपातिक समन्यायिक विकाससहित राजनीतिक, आर्थिक, सामाजिक, वातावरणीय र प्रशासकीय समुत्थानतर्फ केन्द्रित हुनुपर्दछ। समाजवाद उन्मुख आर्थिक विकासका लागि प्रदेशस्तरमा आर्थिक, सामाजिक र वातावरणीय विकास तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी नीति कस्तो हुनुपर्छ भन्ने कुरामा अब बहस चलाउनु आवश्यक छ । वास्तवमा समाजवादी शासन अर्थ व्यवस्थाका मूलभूत विशेषताहरू भनेको नै उत्पादकत्व वृद्धि, उत्पादनका साधनस्रोतमाथि स्थानीय, समुदाय, उत्पादक र श्रमिक वर्गको पहुँच र नियन्त्रणको सुनिश्चितता, खुला र प्रतिस्पधी बजारको विकास एंव पूँजीमा वृद्धि, समन्यायिक कर प्रणाली, पूँजीको पुनः वितरण र स्वतन्त्र सामुदायिक जनसङ्गठनको विकास र समृद्ध समावेशी प्रदेश निर्माण आदि हो। प्रदेशको प्राकृतिक स्रोत, साधन (जल, जङ्गल, जमीन) को दिगो व्यवस्थापन गर्दा समाजवादी अर्थ व्यवस्थाका यिनै विशेषताहरूलाई आधार मानेर गर्नुपर्छ। अहिले हामीलाई विकास, समृद्धि र शान्तिका लागि सन्तुलित र वैज्ञानिक बाटो चाहिएको छ । जसले मौलिकता र स्वाभिमानका साथ बाँच्न सकियोस्। म र मेरोभन्दा पनि हामी र हाम्रो भावना, विचार र व्यवहारलाई प्राथमिकता दिएर परर्निभरता होइन, आत्मनिर्भर अर्थतन्त्रको विकासलाई अगाडि बढाउनु पर्छ। यसका लागि कृषि, वन, उद्योग र पर्यटन क्षेत्रको विकास गरी गरीबी न्यूनीकरण गर्ने खालको आर्थिक क्रान्ति र आन्दोलन जरुरी छ। त्यसका लागि प्रदेश सरकार, गैरसरकारी संस्था र निजी क्षेत्र एकै साथ हातेमालो गरी अगाडि बढ्नुपर्दछ ।

समग्रमा तीव्र आर्थिक वृद्धि र सामाजिक न्यायसहितको स्वाधीन अर्थतन्त्रको निर्माण नै प्रदेशको आर्थिक नीतिको आधारशिला हुनुपर्दछ । यसका लागि सुस्पष्ट राजनीतिक दृष्टिकोण, प्रस्ट लक्ष्य, त्यसलाई प्राप्त गर्ने दृढ इच्छाशक्ति तथा इमाादारिताका साथ कार्यान्वयनको पूर्ण प्रतिबद्धता भयो भने मात्र यो प्रदेशलाई एक दशकभित्रै आर्थिकरूपले सबल र समृद्ध बनाउन सकिन्छ ।



**चितवन महोत्सव – शोभा यात्राः** उद्योग वाणिज्य सङ्घ चितवनको आयोजनामा बिहीवारबाट शुरू भएको १५औं संस्करणको चितवन महोत्सव उद्घाटन अघि नारायणगढमा निकालिएको शोभायात्राका लागि ल्याइएको सौराहाकी पूनमकली हात्ती । तस्बिरः सनद अधिकारी/रासस

## सुनचाँदीको मूल्यमा सामान्य वृद्धि

काठमाडौं, २५ पुस/रासस

अन्तर्राष्ट्रिय बजारमा सुनचाँदीको मूल्यमा सामान्य वृद्धि भएसँगै त्यसको प्रभाव स्थानीय बजारमा पनि परेको छ। अन्तर्राष्ट्रिय बजारमा बिहीवार एक औंस सुनको मूल्य ६,६५९ अमेरिकी डलर निर्धारण भएको छ ।

बुधवारको तुलनामा आज प्रतितोला सुनमा रु आठ सयले वृद्धि भएको छ भने सोही परिमाणको चाँदी पनि रु १० ले बढेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार एक तोला सुन आज रु एक लाख ५३ हजार ३०० मा कारोबार भएको छ भने सोही परिमाणको चाँदीको मूल्य एक हजार ४० कायम भएको छ।

## नेप्से परिसूचक १८ अङ्कले घट्यो

काठमाडौं, २५ पुस/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक बिहीवार १८ दशमलव १४ अङ्कले घटेर दुई हजार ६३५ दशमलव शून्य नौको बिन्दुमा कायम भएको छ।

आज ३०८ कम्पनीका एक करोड ५७ लाख २३ हजार ३७९ कित्ता शेयर ७३ हजार ३०९ पटक खरीद-बिक्री हुँदा रु सात अर्ब ३० करोड ५३ लाख ४२ हजार ५८१ दशमलव ७६ पैसाको कारोबार भएको छ । आज ५५ कम्पनीका शेयर मूल्य बढेको, १८० कम्पनीका शेयर मूल्य घटेको र सात कम्पनीका स्थिर रहेका छन्।

## चीनमा विद्युतीय गाडीको बिक्री बढ्यो

बेइजिङ, २५ पुस/एएफपी

विश्वमा नवीकरणीय ऊर्जाबाट चल्ने गाडीको माग बढ्दै गएपछि चीनमा गत वर्ष विद्युतीय र हाइब्रिड सवारीसाधनको बिक्री ४० प्रतिशतभन्दा बढीले बढेको छ।

चाइना प्यासेन्जर कार एशोसिएशन (सिपिसिए)ले बिहीवार जानकारी गराए अनुसार 'सन् २०२४ को जनवरीदेखि

(बाँकी पाँचौं पातामा)


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३


## उपल्लो मुस्ताङमा पर्यटक बढे

म्याग्दी, २५ पुस/रासस

सन् २०२४ मा चार हजार बढी पर्यटकले उपल्लो मुस्ताङ भ्रमण गरेका छन्। सन् २०२३ को तुलनामा २०२४ मा १४ दशमलव २० प्रतिशतले पर्यटक आगमन वृद्धि भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को लोमान्थाङ कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख उमेश पौडेलले सन् २०२३ मा तीन हजार ४८४ विदेशी पर्यटक यहाँ आएका बताउँदै सन् २०२४ मा चार हजार ६१ जना विदेशीले उपल्लो मुस्ताङ भ्रमण गरेको जानकारी दिए।

उनका अनुसार सडक सञ्जाल विस्तार, अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका उत्कृष्ट १० गन्तव्यमा समेटिनु, प्रचारप्रसार, डिजिटल मार्केटिङ, सुविधायुक्त होटल सञ्चालन, अनलाइनमार्फत रूट परमिट लिने प्रणाली शुरू भएका कारणले यहाँ पर्यटक आगमन बढेको हो ।

सन् २०२२ मा तीन हजार ११२, सन् २०२१ मा ३३२, सन् २०२० मा ६२ र सन् २०१९ मा तीन हजार ९१८ विदेशी पर्यटक उपल्लो मुस्ताङ पुगेको एक्याप कार्यालयले जनाएको छ। सन् २०१७ मा हालसम्मकै बढी चार हजार ११५ विदेशी नागरिक यहाँ पुगेको कार्यालय प्रमुख पौडेलले जानकारी दिए ।

कलात्मक पहाड, उजाड मरुभूमिजस्तै भूगोल, माटोले बनाइएका घर, हिमाली जीवनशैली, पुरानो तिब्बती संस्कृति, ऐतिहासिक महत्त्वका दरबार, गुम्बा, छोर्तेन, कोरला नाका उपल्लो मुस्ताङका आकर्षण हुन् । बौद्ध तथा हिन्दू धर्मावलम्बीहरूको साझा तीर्थस्थल दामोदरकुण्ड पनि उपल्लो मुस्ताङमा अवस्थित छ ।

चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको मुस्ताङको लोमान्थाङ, लोघेकर दामोदरकुण्डका सबै र बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ को साबिक छुसाङ गाउँ विकास समिति र बारागुङ

(बाँकी पाँचौं पातामा)

## अन्तर्राष्ट्रिय समाचार

# लस एन्जल्स डढेलोः पाँचजनाको मृत्यु, १५०० भन्दा बढी घरमा क्षति



डढेलो शहरमा प्रवेश गरेपछि घरमा भएको आगलागी । तस्वीरः रायटर्स

संयुक्त राज्य अमेरिका, पुस २५/एएफपी

अमेरिकाको लस एन्जलस वरपर फैलिएको डढेलोमा परी कम्तीमा पाँचजनाको मृत्यु भएको अधिकारीहरूले बुधवार बताएका छन् ।

डढेलो शहरमा प्रवेश गरेपछि घरहरूमा भएको आगलागीका कारण कम्तीमा १,५०० भन्दा बढी भवन जलेर नष्ट भएका छन् भने एक लाखभन्दा बढी मानिस आफ्नो घरबाट विस्थापित भएका छन् ।

लस एन्जलस काउन्टीका अग्नि नियन्त्रक एन्थोनी मारोनले आफ्ना मातहतका कर्मचारीहरू विपत्तिको परिमाण र गतिसँग जुधिरहेको बताएका छन् ।

उनले भने–"हामी सक्दो प्रयास गरिरहेका छौं तर हामीसँग लस एन्जलसका सबै विभागमा यसलाई ह्यान्डल गर्न पर्याप्त अग्नि नियन्त्रक छैनन् ।"

पासाडेनाका अग्नि नियन्त्रक चाड अगस्टिनका अनुसार आगलागीका कारण ५०० भन्दा बढी भवन नष्ट भएका छन् । उनले आगलागी नियन्त्रणका लागि जुटेका अग्नि नियन्त्रकको प्रशंसा गर्दै आगलागी भीषण रहेको र नियन्त्रणमा ल्याउन निकै कठिनाइ भएको बताए ।

अगस्टिनले पत्रकारहरूसँग भने–"उनीहरूको वीरतापूर्ण कार्यविना आज आगलागीका कारण मृत्यु हुनेको सङ्ख्या उल्लेखनीयरूपमा बढी हुने थियो ।"

लस एन्जलस डिपार्टमेन्ट अफ वाटर एन्ड पावरका प्रमुख कार्यकारी जेनिस क्विनोनेसले प्यासिफिक पालिसडेसमा पानीका स्रोत (हाइड्रेन्ट) सुकेपछि पानीको जथाभावी प्रयोग नगर्न र जोगाएर नियन्त्रण गर्न आग्रह गरेका छन् ।

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधवार आफ्नो सामाजिक सञ्जालमार्फत पानीको अभाव राज्यको वातावरणीय नीतिका कारण भएको दाबी गरेका छन् ।

वास्तवमा लस एन्जलसमा अधिकांश पानी कोलोराडो नदीबाट आउँछ र आवासीय प्रयोग वा फायर फाइटिङको अलावा यसलाई खेतीमा सिंचाइका लागि प्रयोग गरिन्छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले डढेलो नियन्त्रणका लागि केन्द्रीय स्रोत र साधनसमेत व्यवस्थापनमा ध्यान केन्द्रित गरिने बताएका छन् । उनले यसै साता इटालीको लागि तय भ्रमण रद्द गरेका छन् । बाइडेनले भने–"हामी डढेलो नियन्त्रण गर्न जतिसक्दो प्रयास गरिरहेका छौं ।" रासस

# बङ्गलादेशको गार्मेन्ट उद्योगमा सुधारको सङ्केत

ढाका, पुस २५/एएफपी

बङ्गलादेशका गार्मेन्ट उद्योगीहरूले नयाँ सरकारको आगमनसँगै व्यवसायमा सुधार भएको बताएका छन् ।

मालिकहरूले व्यवसाय उकालो लागेको बताइरहँदा निराश श्रमिकहरू भन्छन् कि कडा परिश्रमपछि प्राप्त गरेको छुटले उनीहरूको परिस्थितिमा परिवर्तन गर्न खासै केही गरेको छैन, र जीवन पहिलेजस्तै कठिन छ ।

आफ्नो पूरा नाम प्रयोग गर्दा आफ्नो जागीर नै धरापमा पर्ने बताउँदै गार्मेन्टमा काम गर्ने २४ वर्षीया खातुनले भनिन्, "अहिले पनि पहिलेजस्तै शोषण छ ।" उल्लेख्य केही भएको छैन ।"

विश्वकै दोस्रो ठूलो गार्मेन्ट उत्पादक मुलुकले महीनौं लामो हिंसाका कारण कम्पनीको उत्पादन पटकपटक रोकिएको थियो ।

केही महीनायता देशमा नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ ।

राम्रो सुविधा र बढी तलबको माग गर्दै गार्मेन्ट फ्याक्ट्रीमा प्रदर्शन जारी छ ।

बङ्गलादेश गार्मेन्ट म्यानुफ्याक्चरर्स एन्ड एक्सपोर्टर्स एशोसिएशन (बिजिएमइए)ले अक्टोबरमा ४० करोड अमेरिकी डलर घाटा बेहोरेको जनाएको थियो। यस्तो कठिन अवस्थामा श्रमिकका सबै मागलाई सम्बोधन गर्न नसकिने भन्दै पाँच प्रतिशत ज्याला बढाउने सहमति सरकारसँग गरेको थियो ।

श्रमिक आन्दोलनका कारण सयौं कारखाना बन्द भएका छन् र १०औं हजारले रोजगार गुमाएका छन् । गार्मेन्टलाई चाहिने दक्ष जनशक्ति आकर्षक आम्दानीको लोभमा खाडी मुलुक तथा अन्य विकसित मुलुकतर्फ पलायन हुने क्रम जारी छ ।

तर सेप्टेम्बरमा पाँच प्रतिशत तलब वृद्धि गर्ने सहमति भएपछि उद्योग पुनरुत्थानका लागि कतिपय श्रमिक सङ्घ तथा सङ्गठनले कामलाई सञ्चालन गर्न व्यवसायीलाई सहयोग गर्ने बताए पनि अझै कतिपय सङ्गठन आन्दोलित नै छन् । रासस

# आन्ध्र प्रदेशस्थित एउटा मन्दिरमा भागदौड हुँदा छजनाको मृत्यु

नयाँ दिल्ली, २५ पुस/एएफपी

भारतमा हिन्दू धर्मावलम्बी भेला भएको एक मन्दिरमा भागदौड मच्चिँदा कम्तीमा छजनाको मृत्यु भएको र अन्य कैयौं घाइते भएका अधिकारीहरूले बिहीवार बताएका छन् ।

भारतको दक्षिणी राज्य आन्ध्र प्रदेशमा रहेको श्री वेंकटेश्वर स्वामी मन्दिरको दर्शनका लागि प्रवेशद्वारमा टोकन लिन ठूलो भीड जम्मा भएको समय एकाएक भागदौड मच्चिएको थियो ।

"हजारौं धर्मावलम्बी भेला भएको मन्दिर परिसरमा भएको दुर्भाग्यपूर्ण घटनामा छजना भक्तको ज्यान गएको छ । दिवङ्गत आत्माको शान्तिका लागि म भगवान्सँग प्रार्थना गर्छु"–राज्यको सत्तारूढ तेलुगु देशम पार्टीका प्रवक्ता प्रेमकुमार जैनले घटनाको पुष्टि गर्दै दुःख व्यक्त गरे ।

प्रधानमन्त्री नरेन्द्र मोदीले मृतकका परिवारजनप्रति समवेदना प्रकट गरेका छन् ।

प्रधानमन्त्रीको कार्यालयले सामाजिक सञ्जाल एक्समा जारी एक सन्देशमा भनिएको छ–"यस दुःखद घडीमा घटनामा ज्यान गुमाएका भक्तजनप्रति श्रद्धाञ्जलि अर्पण गर्छु, साथै घटनामा ज्यान गुमाएका व्यक्तिका परिवारका सदस्य र आफन्तजनप्रति समवेदना व्यक्त गर्छु ।"

भारतका प्रमुख धार्मिक चाडहरूमा भीडभाड व्यवस्थापन र सुरक्षाको कमीका कारण धार्मिकस्थलहरूमा घातक दुर्घटनाहरू हुने गरेका छन् ।

गत वर्ष जुलाईमा उत्तर प्रदेशमा हिन्दू धर्मावलम्बीको धार्मिक जमघटका क्रममा १२१ जनाको मृत्यु भएको थियो ।

सन् २०१६ मा दक्षिणी केरला राज्यको एक मन्दिरमा नयाँ वर्षको अवसरमा प्रतिबन्धित आतिशबाजी प्रदर्शनका कारण भएको विस्फोटमा परी ११२ जनाको मृत्यु भएको थियो । रासस








**सुन्तलाखेतीः** बागलुङ नगरपालिका–९ तित्याङ अदुवाबारीनजीकै खेतमा हुर्कंदै गरेका सुन्तलाका बोट । तित्याङमा पछिल्लो समय सुन्तलाखेती गर्ने कृषक बढ्दै गएका छन् । तस्विरः खेमराज गौतम/रासस

# उत्पादनमूलक कार्यमा लगानी गर्न नगरप्रमुख पाठकको सुझाव

बलिराम शुक्ला, बिरुवागुठी, २५ पुस/

सुशासन साना किसान कृषि सहकारी संस्थाको छैटौं साधारणसभा बिहीवार सम्पन्न भएको छ ।

पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले साधारणसभाको उद्घाटन गर्दै सहकारी संस्थाले बचत र ऋण लगानीमा मात्र नभई उत्पादनमूलक कार्य गरेमा पर्सागढीको मुहार फेर्न सकिने बताए ।

उनले उत्पादनमूलक कार्य गर्ने सहकारीलाई नगरपालिकाले विशेष प्राथमिकता दिने बताए । नगरप्रमुख पाठकले पालिकामा जनशक्ति अभावले सहकारी क्षेत्रमा प्रभावकारी कार्य गर्न नसकिएको बताए ।

पर्सागढी नगरपालिका–३ स्थित आमोदेवी जनता क्याम्पस, बडनिहारको प्राङ्गणमा भएको कार्यक्रमको अध्यक्षता बिन्दुदेवी थरुनीले गरेकी थिइन् । कार्यक्रममा वडाध्यक्ष शेख खुर्सेद, अध्यक्ष विक्रम कार्की, सुनाखरी कृषि सहकारी संस्था झुलिटारका अध्यक्ष अर्जुन



पर्सागढीका पशु शाखा प्रमुख डा पुष्पेन्द्र साह, जिल्ला बचत तथा ऋण सहकारी सङ्घका सदस्य दीपेन्द्र कँडेल, साना किसान कृषि हकारी संस्था, उदयपुरघुमीका अध्यक्ष बीरेन्द्र कर्ण, झबराहा दुग्ध उत्पादक सहकारी संस्थाका नेपाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा लेखापरीक्षण प्रतिवेदन टीका श्रेष्ठ, स्वागत रञ्जु अधिकारी र सहजीकरण बलिराम शुक्लाले गरेका थिए ।

**चीनमा ...**

डिसेम्बरसम्ममा एक करोड आठ लाख ९९ हजारवटा विद्युतीय गाडीको खुद्रा बिक्री भएको छ । हालैका वर्षहरूमा बेइजिङको उदार अनुदानबाट प्रेरित चिनियाँ विद्युतीय सवारीसाधनको बजारले व्यापक वृद्धि पाएको छ । सिपिसिएका अनुसार गत वर्ष कुल खुद्रा बिक्रीको करीब आधा अर्थात् ४७.६ प्रतिशत हिस्सा विद्युतीय गाडीले ओगटेको थियो ।

सिपिसिएको तथ्याङ्क अनुसार डिसेम्बरमा यस्ता गाडीको बिक्री सङ्ख्या १३ लाखभन्दा बढी पुगेको छ । यो वर्षभरिको तुलनामा ३७.५ प्रतिशतले बढी हो र यो लगातार पाँचौं महीना १० लाखभन्दा बढीको बिक्री हो ।

विश्वको सबैभन्दा ठूलो अटोमोटिभ बजार चीनमा घरेलु कार निर्माताहरूबीच कडा प्रतिस्पर्धा देखिएको छ ।

**उपल्लो ...**

मुक्तिक्षेत्र–५ को साङतालाई सुरक्षा संवेदनशीलताका कारण सरकारले निषेधित क्षेत्र तोकेको छ । मनाङ र गोरखाका केही भूगोल पनि निषेधित क्षेत्रमा समेटिएका छन् ।

उपल्लो मुस्ताङ भ्रमण गर्न नेपालीबाहेकले अध्यागमन विभागलाई पाँच सय अमेरिकी डलर शुल्क तिरेर १० दिनका लागि विशेष किसिमको अनुमति लिनुपर्ने नियम छ । १० दिनभन्दा बढी भ्रमण गर्न प्रतिदिन थप ५० डलरका दरले शुल्क तिर्नुपर्ने एक्यापका प्रमुख पौडेलले जानकारी दिए ।

लोमान्थाङ गाउँपालिका–१ मा पर्ने नेचुङभन्दा माथि पर्यटकलाई जान रोक लगाइएको छ । सरकारले सन् १९९२ देखि उपल्लो मुस्ताङलाई विदेशी नागरिकलाई अनुमतिसहित निर्धारित शुल्क तिरेर निश्चित समयसम्म घुम्न पाउने व्यवस्था मिलाएको थियो ।

निषेधित क्षेत्रमा बढी शुल्क तिर्नुपर्ने हुँदा पर्यटक आगमन बढ्न नसक्दा स्थानीयको जनजीवन तथा आर्थिक गतिविधि प्रभावित भएको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसिनर्बु गुरुङले बताए । निषेधित क्षेत्रमा शुल्कमा केही छुटको व्यवस्थाका लागि प्रदेश र सङ्घीय सरकारसँग माग गरिरहेको भन्दै पर्यटकको आगमन बढे स्थानीयको आर्थिकस्तर सुधार हुँदै जाने उनले उल्लेख गरे ।

**सुक्खा ...**

पेशाबाट विस्थापित हुन सक्छन् । तसर्थ कम पानीमा पनि उत्पादन हुने र सुक्खा सहन सक्ने बालीबारे अध्ययन र प्रयोग हुन जरुरी छ । अनुकूलनसम्बन्धी क्षमता अभिवृद्धि र सिंचाइ सुविधाको वैकल्पिक व्यवस्था गर्न पनि त्यत्तिकै आवश्यक छ ।"

बालीविद् शर्माले अझै पनि नेपालमा आकाशे पानीकै भरमा ७० प्रतिशत सिंचाइ हुने गरेकोले यसले उत्पादन वृद्धिमा असर गरेको बताए ।

"अहिले मुलुकको ३० प्रतिशत भूभागमा मात्र कुलो, नहर, डीप ट्युबवेल, बोरिङ, थोपा सिंचाइलगायत सुविधा पुगेको छ । बाँकी क्षेत्रमा त आकाशे पानीकै भरमा खेती गरिन्छ"–उनले भने–"यस्तो अवस्थामा पानी परे राम्रो उत्पादन हुने र नपरे ह्रास देखियो। तसर्थ यस विषयमा सरकार गम्भीर हुनुपर्‍यो ।"

जलस्रोत तथा सिंचाइ विभागको तथ्याङ्क अनुसार करीब २५ लाख ३० हजार हेक्टर सिंचाइयोग्य जमीनमध्ये हालसम्म करीब १५ लाख हेक्टर जमीनमा सिंचाइ सुविधा उपलब्ध गराउनेगरी सिंचाइ संरचना निर्माण गरिएको छ । त्यसमध्ये करीब एकतिहाइ भूमिमा मात्र वर्षभरि सिंचाइ सुविधा उपलब्ध हुन सकेको विभागद्वारा २०८० चैतमा प्रकाशित जलस्रोत तथा सिंचाइ वार्षिक पुस्तिकामा उल्लेख छ ।

"हाल ठूला बहुउद्देश्यीय अन्तर–जलाधार जल–पथान्तरणका केही आयोजना निर्माणका क्रममा र केही निर्माण तयारीका क्रममा रहेका छन् । करीब ५० प्रतिशत सिञ्चित कृषिक्षेत्र किसानद्वारा व्यवस्थित सिंचाइ प्रणालीमा रहेका छन्"–पुस्तकमा उल्लेख छ–"निर्माण सम्पन्न भइसकेका साना आयोजना जल उपभोक्तालाई हस्तान्तरण गर्ने नीतिबमोजिम हस्तान्तरण गरिसकिएका छन् र सम्बद्ध संस्थाबाट सञ्चालन भइरहेका छन्। मझौला तथा ठूला सिंचाइ आयोजना भने सरकार तथा जलउपभोक्ता संस्थाहरूको संयुक्त व्यवस्थापनको अवधारणा अनुरूप सञ्चालनमा रहेका छन् ।"

जलवायु परिवर्तनका कारण मानव स्वास्थ्य, पारिस्थितिक प्रणाली, परम्परागत कृषि प्रणाली, प्रकृति चक्र, मौसमी स्वभावमा आमूल परिवर्तन भइसकेको छ । यो क्रम आगामी दिनमा थप गहिरिँदै जानेमा विज्ञ एकमत छन् । नेपालजस्तो कमजोर भौगर्भिक अवस्थामा रहेको देशमा त्यसको असर थप बढी पर्नेमा पनि धेरैको चिन्ता छ । यसर्थ यी सबै पक्षलाई मध्यनजर गरी सिंचाइलगायत क्षेत्रमा स्थायी र दीर्घकालीन उपायको खोजी र तयारी आवश्यक छ ।

**आजको राशिफल**

| | |
|---|---|
| मेष – धनलाभ | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – प्रगति |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – कष्टश्रम | मकर – ज्ञानोदय |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# अल्पाइनका विद्यार्थीहरू नेतृत्व विकाससम्बन्धी कार्यशालामा सहभागी

प्रस, वीरगंज, २५ पुस/

अल्पाइन माध्यमिक विद्यालयका विद्यार्थीहरू भारत, पञ्जाबस्थित ख्यातिप्राप्त चित्कारा विश्वविद्यालयमा नेतृत्व विकाससम्बन्धी तीन दिने कार्यशालामा सहभागी भएका छन् ।



तस्वीर: सौजन्य

विद्यालयका कक्षा १०, ११ र १२ का ११ जना विद्यार्थी हार्वर्ड विश्वविद्यालयबाट ग्रेजुएट गरेकाहरूले आयोजना गरेको प्रतिष्ठित 'हार्वर्ड युथ लिड द चेन्ज कार्यशाला'मा सहभागी भएका प्रधानाध्यपक विशाल उपाध्यायले जानकारी गराएका छन् ।

तीन दिने आवासीय उक्त कार्यशालामा हार्वर्ड युनिभर्सिटीबाट स्नातक गरेकाहरूले विद्यार्थीलाई प्रशिक्षित गर्नेछन् । प्रशिक्षित हुने विद्यार्थीहरूले अमेरिकाको ख्यातिप्राप्त विश्वविद्यालयमा पढ्न पाउने, छात्रवृत्ति पाउने तथा नेतृत्व विकाससम्बन्धी क्षमता अभिवृद्धि हुने प्रअ उपाध्यायले जानकारी गराए ।

जनवरी ८ देखि १० सम्म भइरहेको उक्त कार्यशालामा अनुभवी हार्वर्ड सल्लाहकार तथा नेताद्वारा विद्यार्थीलाई जटिल सामाजिक मुद्दाहरूलाई सम्बोधन गर्न र असङ्ख्य अनुभवयुक्त मोडयुलमार्फत नेतृत्व विकाससम्बन्धी तालीम दिने विद्यालयका निर्देशक विनोद उपाध्यायले बताए । उनले परम्परागत नेतृत्व शिक्षाभन्दा भिन्दै यस कार्यशालामा नरम सीप विकास, विद्यार्थीहरूमा आलोचनात्मक सोच, प्रभावकारी सञ्चार, भावनात्मक बुद्धिमत्ताको सीप परिष्कृष्त गर्न विद्यार्थीहरूलाई कार्यशालामा सहभागी गराएको बताए ।

# सिम्रौनगढमा सनातन धर्म रक्षा मञ्चको सत्सङ्ग

प्रस, सिम्रौनगढ, २५ पुस/

सनातन धर्म रक्षा मञ्च, सिम्रौनगढ को ७१औं सत्सङ्ग गोष्ठी बिहीवार सिम्रौनगढ नगरपालिका–६ अमरपुरमा सम्पन्न भएको छ ।





आत्मबोध समाज, हत्या–हिंसारहित, नशामुक्त, भेदभावरहित समाज निर्माण, स्वच्छ चरित्रवान् र नैतिकवान् समाज निर्माणको उद्देश्यले गोष्ठी आयोजना गरिएको हो ।

सो मञ्चमा सनातन धर्मसँग सम्बन्धित जयश्री राम, राधेराधे, ओम नमो नारायण, जय गुरुदेव, साहेब बनगी (कबीर), सचितानन्द, ओम शान्ति लगायत १२ वटा पन्थका अनुयायीहरूको सहभागिता थियो ।

मञ्चका अध्यक्ष ओमप्रकाश ठाकुरको अध्यक्षतामा भएको गोष्ठीको सहजीकरण सचिव वैकुण्ठ प्रसादले गरेका थिए । गोष्ठीमा सञ्जय शास्त्री प्रणामी, शिवपूजन साहेब, जगत पण्डित, तुलसी भगत र वैकुण्ठप्रसाद जयसवालले प्रवचन दिएका थिए । गोष्ठी प्रत्येक महीनाको अन्तिम बिहीवार नयाँ ठाउँमा हुने गरेको छ ।


## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

**सामाजिक सञ्जालमा:**

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछूत र श्रमप्रति अपहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

**जस्ता विषयवस्तु पोस्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नुहुँदैन । त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## जय ट्रफीमा पुलिसको पहिलो जीत, आर्मी र बाग्मतीको खेल बराबरी

प्रस, परवानीपुर, २५ पुस/

मधेस प्रदेशमा जारी जय ट्रफी अन्तर्गत नेपाल पुलिस क्लबले पहिलो जीत निकालेको छ। वीरगंजको नारायणी क्रिकेट मैदानमा हिजोदेखि भएको दुई दिवसीय मिनी टेस्ट क्रिकेट लिग म्याचमा मधेस प्रदेशलाई ३५ रनले पराजित गर्दै नेपाल पुलिस क्लब विजयी भएको हो ।

टस हारेर पहिला ब्याटिङ गरेको मधेस प्रदेशले पहिलो पारीमा १२९ र दोस्रो पारीमा ९४ रन मात्र बनाएको थियो । जबकि नेपाल पुलिस क्लबले पहिलो पारीमैं चार विकेटको क्षतिमा ५९ ओभरमा २५८ रन बनाएको थियो ।





पुलिसको एउटै पारीको लक्ष्य मधेस प्रदेशले दुई पारीमा भेट्टाउन नसक्दा पराजित भएको हो। मधेस प्रदेशको पहिलो पारीको ब्याटिङमा मयन यादवले मात्र ५९ रन बनाएका थिए भने दोस्रो पारीमा कुनै पनि खेलाडीले ३० रन जोड्न सकेनन् ।

नेपाल पुलिसका गुलशन झाले पहिलो पारीमा पाँच विकेट र दोस्रो पारीमा कुशल भुर्तेलले चार, गुलशनले तीन, ललित राजवंशीले दुई विकेट लिंदा मधेस प्रदेशको दोस्रो पारी ३२.२ ओभर खेल्दै ९४ रनको योगफलमा अलआउट भएको थियो।

हिजोदेखि जनकपुर खेलमैदानमा भइरहेको खेल ड्र भएको छ। टस हारी त्रिभुवन आर्मी क्लबले पहिलो पारीमा ६० ओभर खेल्दै पाँच विकेटको क्षतिमा २७६ रन बनाएको थियो भने दोस्रो पारीमा २८.२ ओभरमा आठ विकेटको क्षतिमा पारी समाप्तको घोषणा गर्दै १२७ रन बनाएको थियो ।

२०४ रनको लक्ष्य लिएर बाग्मतीले २८.५ ओभर खेल्दै पाँच विकेटको क्षतिमा ८० रन बनाएपछि खेल समाप्त भएको थियो । उक्त खेलको दोस्रो पारीमा बाग्मतीका नन्दन यादवले चार, प्रतीश जिसीले तीन र रिजन ढकालले एक विकेट लिएका थिए भने बाग्मतीको दोस्रो पारीमा आर्मीका आकाश चन्दले दुई, पवन कार्कीले दुई, कुशल मल्लले एक विकेट लिएका थिए । बाग्मतीको दोस्रो पारीमा शुभ कंसाकारले ३३ रनको योगदान गरेका थिए ।

यसैसँग जय ट्रफीको अङ्कतालिकामा नेपाल पुलिस क्लब ४० अङ्कसहित प्रथम, त्रिभुवन आर्मी ३० अङ्कका साथ द्वितीय, बाग्मती प्रदेश २८ अङ्कका साथ तृतीय र मधेस प्रदेश २१ अङ्कका साथ चौथो स्थानमा छ । अब वीरगंज र जनकपुरमा एक/एक लिग म्याच बाँकी छ। उक्त दुई दिवसीय लिग खेल जनवरी ११ तारिखका दिन बिहान ११:३० बजेदेखि दुवै स्थानमा हुनेछ । त्यसपछि जनवरी १४ देखि अङ्कतालिकाका दुई उत्कृष्ट टीमबीच वीरगंजमा फाइनल खेल खेलाइने कार्यतालिका छ।

# इकोनोमिक्स रिपोर्टर एशोसिएशन पुनर्गठन


तस्वीर:सौजन्य

प्रस, वीरगंज, २५ पुस/

इकोनोमिक्स रिपोर्टर एशोसिएशन, पर्सा पुनर्गठन भएको छ ।

पत्रकार शङ्कर आचार्यको अध्यक्षतामा बिहीवार पुनर्गठन भएको एशोसिएशनको उपाध्यक्ष अनिल तिवारी, विमला गुप्ता, सचिव नीरज पिठाकोटे मगर, सहसचिव माधुरी महतो, कोषाध्यक्ष कविता खड्कालगायत सदस्यहरू छन् ।

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा बिहीवार भएको भेलाले एशोसिएशन पुनर्गठन गरिएको हो। यस अघि एशोसिएशनको अध्यक्ष ओमप्रकाश खनाल थिए । उनी नेपाल पत्रकार महासङ्घ, पर्साको अध्यक्षमा निर्वाचित भएपछि एशोसिएशन पुनर्गठन गरिएको हो ।

# वीरगंज गौशालालाई आहार सहयोग



तस्वीर:सौजन्य

प्रस, वीरगंज, २५ पुस/

मेल्विन जयन्तीको अवसरमा लायन्स क्लब अफ वीरगंज सेन्ट्रलले वीरगंज–जीतपुर गौशालामा रहेका चौपायालाई आहार प्रदान गरेको छ ।

लायन्स क्लब अफ वीरगंज सेन्ट्रलकी संस्थापक अध्यक्ष मीरा खेतानको अध्यक्षतामा भएको कार्यक्रममा भूपू अध्यक्षहरू सीता अग्रवाल, आशा अग्रवाल, कविता हालनलगायतको सहभागिता थियो। सो गौशालामा तीन दुधालु गाई, २४ वटा दूध नदिने गाई, एउटा साँढेलाई लायन्स क्लबले साढे सात हजार मूल्य बराबरको आहार प्रदान गरेको गौशालाका अध्यक्ष यज्ञबहादुर आलेले बताए ।

# दलित बालबालिकालाई न्यानो कपडा सहयोग


तस्वीर: सौजन्य

प्रस, वीरगंज, २५ पुस/

जनसेवा सामाजिक संस्थाले बिहीवार जगरनाथपुर गाउँपालिका–४ बिर्तामा रहेका दलित बालबालिकाहरूलाई न्यानो कपडा वितरण गरेको छ ।

राज होजियारीको सहयोगमा संस्थाका अध्यक्ष बृजेश्वर चौधरीले ४५ थान स्वेटर र टोपी वितरण गरेका थिए।

कार्यक्रममा संस्थाका सदस्य शुभावती देवी, सन्तोष राम, शिवरतिदेवी राम, सरोजप्रसाद रौनियारलगायतको सहभागिता थियो ।

# मानवसेवा आश्रमलाई वाशिङ मेशीन प्रदान



तस्वीर: सौजन्य

प्रस, वीरगंज, २५ पुस/

नेपाल आयल निगमले मानवसेवा आश्रमलाई एक थान वाशिङ मेशीन र ३० थान कम्बल प्रदान गरेको छ ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले मानवसेवा आश्रमलाई वाशिङ मेशीन र कम्बल हस्तान्तरण गरेका थिए ।

नेपाल आयल निगमको ५५औं वार्षिकोत्सवको अवसर पारेर मानवसेवा आश्रमलाई उक्त सामग्री सहयोग गरेको नेपाल आयल निगम वीरगंज शाखाका प्रमुख रमेश ज्ञवालीले बताए ।

कार्यक्रममा सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, वीरगंजका उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतम, पूर्वध्यक्ष गणेश लाठ, मानवसेवा आश्रम वीरगंजकी प्रमुख मुना पुलामी, वीरगंजका संस्थापक अध्यक्ष देवेश गुप्ता, प्रकाश थारूलगायतको सहभागिता थियो।